वर्ष : १७, अंक : ३, काठमाडौं, २०७८ बैशाख १७ गते शुक्रबार, 30 April 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## लुम्बिनी प्रदेशका सांसदहरुमाथि कुनै कारबाही भएको छैन : महन्थ ठाकुर



काठमाडौं । लुम्बिनी प्रदेशमा मन्त्री भएका चार जना प्रदेशसभा सदस्यलाई पदमुक्त गरिएको कुरालाई जनता समाजवादी पार्टी नेपालका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले खण्डन गरेका छन् । लुम्बिनी प्रदेशसभाले जसपाको संसदीय दलले चार जना सांसदको पद खारेज भएको सूचना जारी गरेपछि बिहीबार केन्द्रीय अध्यक्ष महन्थ ठाकुरले यस्तो विज्ञप्ति जारी गरेका छन् । अध्यक्ष ठाकुरले जारी गरेको विज्ञप्तिमा लुम्बिनीका मुख्यमन्त्री र जसपाका संसदीय दलका नेतालाई बोद्धार्थ गरी यस्तो आग्रह गरेका हुन् । साथै ठाकुरले केन्द्रीयस्तरबाट लुम्बिनी प्रदेशसभा सदस्यहरुलाई कुनै पनि कारबाही नभएको अनुरोध गरेका छन् ।

# उपेन्द्रको जिद्दीपना : विभाजनको मुखमा जसपा

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले मधेश आन्दोलनका बेला लगाइएका झुठा मुद्दाहरु फिर्ता लिने निर्णय सार्वजनिक गरेलगत्तै जनता समाजवादी पार्टी नेपालका केही नेताहरु तनावमा परेका छन् ।

नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले मधेश आन्दोलनका १२० आन्दोलनकारीहरुमाथि लगाइएका विभिन्न १५ प्रकृतिका मुद्दाहरु फिर्ता लिने निर्णय गरेको हो ।

ओली सरकारको यो निर्णयबाट जसपामा दुई विचारधारामा विभक्त एक समूहमा हर्ष देखिएको छ भने अर्को समूहमा ठूलो बज्रपात परेको छ ।

जसपाका अध्यक्ष महन्थ ठाकुर र वरिष्ठ नेता राजेन्द्र महतोलगायतले केही दिनयता मधेशका मुद्दाहरु सम्बोधनार्थ बारम्बार बालुवाटार धाइरहेका थिए । अर्कोतिर केपी ओलीलाई जसरी पनि प्रधानमन्त्रीबाट हटाउनैपर्ने भन्दै आएका छन् ।

प्रधानमन्त्री ओली प्रतिगमनकारी रहेको, उनले कुनै पनि हालतमा मधेशको मुद्दा सम्बोधन गर्दैन लगायतका कुराहरु सार्वजनिक रुपमा भन्दै आएका थिए । तर महन्थ-राजेन्द्र पूर्ण विश्वस्त थिए कि माग सम्बोधन हुन्छ ।



किनभने आवश्यकता र औचित्य ओलीले महसुस गरेको र माग सम्बोधन गर्न बाहेक कुनै विकल्प नरहेको महन्थ र राजेन्द्रले राम्ररी बुझिसकेका थिए ।

उपेन्द्र यादवले यही ओली सरकारसँग लिखितरुपमै सहमति गरेर सरकारमा उपप्रधानमन्त्री दिँदा उनको हैसियत एउटा राज्यमन्त्रीभन्दा बढी देखिएको थिएन । एक वर्षभन्दा बढी समयसम्म ओली सरकामा उपेन्द्र बस्दासम्म कहिल्यै पनि आफूले गरेको सहमतिबारे पहल गरेनन् । तर जब आफूलाई क्रान्तिकारी देखाउन ओली सरकारको नै आलोचना गर्न थालेपछि अपमानजनक बहिर्गमन भयो ।

सोही अपमानजनक बहिर्गमनको बदलाभावका कारणले उपेन्द्रले ओलीलाई हटाउने अभियानमा जुटेका थिए । जसरी पनि ओलीलाई हटाउनै पर्ने अभियानमा उपेन्द्र लगभग असफल नै भइसकेका छन् ।

आफू सरकारमा भएर एउटा सिन्कोसमेत भाँच्न सकेन तर महन्थ र राजेन्र्द सरकारबाहिर भएर पनि मागहरु पूरा भइरहेको हुँदा उपेन्द्र तनावमा पर्दै गइरहेका छन् । यतिबेला उपेन्द्र तनावमा रहेको कतिपयको भनाइ छ ।धेश आन्दोलनका क्रममा नेपाल सरकार वादी भई चलेका १२० जनामाथिको मुद्दा फिर्ता लिइएको छ । नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकले यसलाई राजनीतिक निर्णयसमेत भनेको छ ।

सरकारले १२० जना प्रतिवादी भएको १५ वटा मुद्दा फिर्ता लिएको छ । मन्त्रिपरिषद्को पछिल्लो बैठकले मुद्धा फिर्ता लिएको सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पार्वत गुरुङले जानकारी दिए ।

आन्दोलनकारीहरुमाथि लगाइएका झुठा मुद्दा फिर्ताका लागि जनता समाजवादी पार्टी नेपालका शीर्ष नेताहरु लगातार प्रधानमन्त्री केपी शर्मा ओलीसँग वार्ता र छलफल गर्दै आएको थियो ।

जसपाका महन्थ ठाकुर र राजेन्द्र महतो लगायतका नेताहरुले प्रधानमन्त्री ओलीसँग सत्ताका लागि होइन, मुद्दाका लागि मात्रै कुरा गरेको प्रमाणित भएको एक नेताले बताए ।

अर्कोतिर जसपाकै उपेन्द्र यादव र डा.बाबुराम भट्टराई ओली सरकारलाई जुनसुकै हालतमा हटाउनुपर्ने अभियानमा लागेका बेला सरकारको यस्तो निर्णय आएको हो । अब उपेन्द्र र बाबुराम समूह धर्मसंकटमा पर्ने देखिन्छ ।

जनता समाजवादी पार्टीमा विधान

बाँकी अन्तिम पृष्ठमा

## सरकारको स्वागतयोग्य निर्णय, हाम्रा मागहरु पूरा हुने विश्वास : सांसद चौधरी

काठमाडौं । नेपाल सरकारले पछिल्लो मन्त्रिपरिषद् बैठकबाट मधेश आन्दोलनका क्रममा लगाइएका झुठा मुद्दाहरु फिर्ता लिन सुरु गरेको निर्णयलाई जनता समाजवादी पार्टी नेपालकी सांसद चन्दा चौधरीले स्वागत गरेकी छन् ।

'सरकारले राजनीतिक निर्णय गरी, विभिन्न चरणको मधेश आन्दोलनमा झुठा मुद्दा लगाइएका १२० जनाको १५ वटा मुद्दा फिर्ता लिने निर्णय गरेकोमा उक्त निर्णयको स्वागत गर्दछु र नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु ।' सांसद चौधरीले मधेशवाणीलाई बताएकी हुन् ।

उनले जसपाले बारम्बार राख्दै आएको माग जुन निर्दोष मधेशी जनतालाई विभिन्न झुठा मुद्दा लगाई हिरासतमा राखेका छन्, त्यसको शुद्धीकरण यस निर्णयसँगै शुरु भएको बताएकी छन् ।

उनले भनेकी छन्, 'नेपाल सरकारको यो पछिल्लो निर्णयको लागि नेपाल सरकार र जनता समाजवादी पार्टीका नेतृत्वगण जसले बारम्बार आफ्ना मागहरुलाई सशक्त तरिकाले राख्नुभयो, उहाँहरुलाई पनि धन्यवाद दिन चाहन्छु । यो पुर्ण जीत नभए पनि विभित्र चरणको मधेस आन्दोलनले स्थापित बनाएको हाम्रो माग र हामीले उठाएका मुद्धाहरुको औचित्यमा राज्यले अब भने ध्यान दिन लागेको हो भत्रे सकारात्मक संदेश यस निर्णयले दिएको छ ।'

अरु मुद्दाहरु जस्तै, सांसद रेशम चौधरी लगायतका राजनीतिक बन्दीहरुको रिहाई, नागरिकता विधेयक लगायत संविधान संशोधनका मुद्दाहरुको सुनुवाई भई माग पूरा हुने विश्वास उनले व्यक्त गरेकी छन् । 'यस सन्बन्धित निर्णयहरु नेपाल सरकारले चाँडोभन्दा चाँडो पूरा गर्नेछन् भन्ने विश्वास लिएकी छु ।' उनले भनिन् ।




## नेपाल राष्ट्र बैंक

**सहुलियतपूर्ण कर्जा उपयोग गरौं, स्वरोजगार बनी जीवनस्तर उकासौं ।**

**युवाहरुलाई स्वरोजगार, व्यावसायिक र उद्यमशील बनाउने उद्देश्य राखी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ लागू गरिएको छ ।**

**यस कार्यविधिअन्तर्गत १० प्रकारका सहुलियतपूर्ण कर्जा जुनसुकै बैंक तथा वित्तीय संस्थाबाट प्राप्त गर्न सकिन्छ ।**

क) व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा पाँच करोड रुपैयाँसम्म
ख) शिक्षित युवा स्वरोजगार कर्जा सात लाख रुपैयाँसम्म
ग) विदेशबाट फर्केका युवा परियोजना कर्जा दश लाख रुपैयाँसम्म
घ) महिला उद्यमशील कर्जा पन्ध्र लाख रुपैयाँसम्म
ङ) दलित समुदाय व्यवसाय विकास कर्जा दश लाख रुपैयाँसम्म
च) उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा पाँच लाख रुपैयाँसम्म
छ) भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा तीन लाख रुपैयाँसम्म
ज) कपडा उद्योग सञ्चालनको लागि पाँच करोडसम्म ।
झ) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि दुई लाखसम्म ।
ञ) युवा वर्ग स्वरोजगार कर्जा पाँच लाख रुपैयाँसम्म
थप जानकारीका लागि नजिकको बैंक तथा वित्तीय संस्थामा सम्पर्क राखौं ।

## सम्पादकीय

# कोरोनाको कहर र सरकारको निरीहता

नोवल कोरोना भाइरसको नयाँ भेरिएन्ट संक्रमण नेपालमा पनि तीव्र गतिमा आफ्नो आकार लिइरहेको छ। दोस्रो लहरको चेनब्रेक गर्न यतिबेला अति नै आवश्यक छ। कोरोना भाइरस संक्रमितको संख्या दिनप्रति दिन बढ्दै गएको छ। प्रदेश २ मा परीक्षणको दायरा बढ्न सकेको छैन। प्रदेशका आठ जिल्लामध्ये अधिकांशमा उच्च जोखिममा छन्। पछिल्लोपटक ह्वात्तै संक्रमित बढेपछि प्रदेश २ का अस्पतालमा संक्रमितको उपचारका शय्याको अभाव खट्किँदैछ। यो बीचमा स्थानीय र प्रदेश सरकारले छुट्टै कोरोना अस्पताल निर्माणमा चासो नदेखाएको हो। प्रदेश २ नेपालमा कोरोना भाइरस (कोभिड-१९) संक्रमणको जोखिम बढ्दै गएको छ। संक्रमितको संख्या गुणात्मक रूपमा बढ्दै गएपछि परीक्षणको दायरा केही बढाइए पनि त्यो पर्याप्त नरहेको स्वास्थ्यकर्मी नै बताउँछन्। अहिले कोरोना महामारीको संक्रमण र लकडाउनको मारले संसार तबाह र बर्बाद भईरहेको छ। कोरोना महामारीबाट बच्न विकल्पमा लकडाउन रोजियो। जुन चाइनिज मोडेल हो। चीनबाट शुरू भएको कोरोना संक्रमण र लकडाउन द्धतिका कारण अहिले विश्व मानवीय र आर्थिक रूपमा ध्वस्त भईसकेका छन्। शुरूमा चीनमा फैलिएको कोरोना संक्रमण महामारीको रूप लिएपछि चीनले नै सर्वप्रथम लकडाउन मोडेलको विकास गरे। तर चीनले गरेको लकडाउनको तरिका र व्यवस्था जसरी थियो, लकडाउनका जुन(जुन शर्त थियो।

**महामारीका कारण आउनसक्ने संकटलाई ध्यानमा राखेर आवश्यक स्वास्थ्य सामग्रीको जोहो गर्नेलगायतको तयारीमा ध्यान दिन सरकार असफल भएको हो। प्रदेश २ मा कोरोना संक्रमित संख्या बढ्दो क्रममा छ। कोरोनाविरुद्धको लडाइका लागि पर्याप्त समय पाए पनि प्रदेश सरकारले आवश्यक तयारी गर्न नसकेको आरोप पनि लागिरहेको छ।**

त्यसलाई अबलम्बन गर्ने गरि लकडाउन गरेका देशहरूले लकडाउनबाट फाइदा लिएका छन्। कोरोना भाइरसको संक्रमणबाट प्रदेश र जनतालाई जोगाउन सम्पूर्ण ध्यान केन्द्रित गर्नुको साटो प्रदेश २ सरकारको ध्यान अन्यत्र जाँदा मुलुक रोग र भोकको चपेटामा फस्दै गएको छ। प्रदेश २ लाई कोरोना भाइरस संक्रमणको उच्च जोखिमस्थलका रूपमा हेरिएको छ। भौगोलिक अवस्थिति र जनसंख्याको दृष्टिकोणबाट प्रदेश २ लाई कोरोनाको उच्च जोखिमस्थलमा हेरिएको हो। प्रदेशका आठवटै जिल्ला भारतीय सीमासँग जोडिएका छन्। भारतबाट आवतजावत बन्द गर्न नाकामा कडाइ गरिए पनि आउजाउ रोकिन सकेको छैन। लकडाउनको अवधिमा समेत लुकिछिपी सयौं मानिस नेपाल प्रवेश गरेका छन्। भारतबाट आवतजावत रोक्न नसकेपछि प्रदेशमा कोरोना संक्रमणको थप जोखिम बढेको हो। साढे दुई महिनाको यो समयमा कोरोनाविरुद्ध लड्ने थप तयारीमा प्रयोग गर्न प्रदेश २ सरकार चुकेको छ। महामारीका कारण आउनसक्ने संकटलाई ध्यानमा राखेर आवश्यक स्वास्थ्य सामग्रीको जोहो गर्नेलगायतको तयारीमा ध्यान दिन सरकार असफल भएको हो। प्रदेश २ मा कोरोना संक्रमित संख्या बढ्दो क्रममा छ। कोरोनाविरुद्धको लडाइँका लागि पर्याप्त समय पाए पनि प्रदेश सरकारले आवश्यक तयारी गर्न नसकेको आरोप पनि लागिरहेको छ। कोरोनाविरुद्ध तयारी गर्न पर्याप्त समय रहे पनि प्रदेश सरकार हचुवाका भरमा अघि बढेको आरोप छ। अहिलेको लकडाउन जनस्वास्थ्यको हितका लागि विश्वव्यापी रूपमा प्रमाणित उपाय हो। साथै लामो लकडाउन बन्दाबन्दीका कारण आममानिसको आर्थिक जीवनमा गम्भीर असर परिरहेको यथार्थलाई बिर्सन सकिँदैन तर यसका सम्बन्धमा गम्भीरताका साथ, विज्ञहरूको राय र वस्तुगत मूल्याङ्कनमा आधारित भएर बनाइएको समाचार वा टिप्पणीको अपेक्षा गर्नुपर्दछ। किनकि, यो खासगरी हाम्रोजस्तो देशमा बेलाबेला राजनीतिक कारणले हुने विरोधको कडा संकेतस्वरूप आयोजना गरिएको बन्द होइन। यस विषयमा भावनात्मक, राजनीतिक वा आक्रोश वा विरक्तिले भूमिका निर्वाह गर्नुहुँदैन। राजनीतिक स्थायित्वका लागि आर्थिक स्थायित्व आवश्यक हुन्छ। अहिले धेरै देशमा रोजगारीको मात्रा गुमेको र उत्पादनका कार्य बन्द भएको अवस्थामा सरकारले सही ढंगले अर्थव्यवस्था सञ्चालन गर्न सकेनन् भने अस्थिरता पैदा हुनसक्छ। यस्तो अबस्था विकसित देशभन्दा एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूले बढी भोग्नुपर्ने छ। राजनीतिक अस्थिरता पैदा हुँदा विश्वभर नै नागरिकहरूमा सरकारप्रतिको असन्तुष्टिको मात्रा बढ्नेछ। यस्तो अस्थिरता रोक्न सामूहिक प्रयास आवश्यक पर्दछ। उत्पादकत्वमा अरू ह्रास आउन नदिई आर्थिक पुनरुत्थानको बाटोमा लाग्न पनि सामूहिक प्रयास र साझेदारी चाहिन्छ।

# फुटको संघारमा रहेको एमाले र जसपा

**विचार-विश्लेषण** भाग-८९



उपेन्द्र झा

“काले काले मिली खाउँ भाले” भन्ने चलन बसालिएको राजनीतिको मूलमन्त्रको जाप प्रधानन्त्री केपी शर्मा ओलीले छोडेपछि आफ्नै पार्टी नेकपाभित्रको भागवण्डाको संघर्ष सतहमा आएको देखियो। शक्ति पाए त्यसको प्रयोग सबैले गरेका छन्। ओलीले पनि गरेको हो। नेकपालाई विभाजन गरी प्रचण्डलाई एकल्याउने ओलीको रणनीति रहेकोमा प्रचण्डसँग एमालेका धेरै शीर्ष नेताहरु टाँसिन पुग्दा समस्या जटिल हुन लागेको छ।

दुवैतिरबाट सांसद पदमुक्त गरिने, साधारण सदस्यबाट निकालिने कारबाही भएकोले शक्ति संघर्ष उत्कर्षमा पुगेको भन्न सकिन्छ। एकअर्कालाई परास्त गर्न एमालेका सत्तापक्ष र प्रतिपक्ष अन्तिम लडाई लड्ने तयारीमा देखिन्छ। तर नेकपा (माओवादी) विभाजित भएर पनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको छैन। सत्ता शक्तिको प्रयोग गरेर पार्टीभित्रका आफ्ना वरिष्ठ र ताकतवर सहकर्मीहरुलाई निस्तेज पार्न ओलीले चालेको कदम सफल देखिन थालेपछि कर्णाली प्रदेशमा ओली पक्षका सांसदहरुद्वारा गराइएका फ्लोर क्रसले ओली झस्केको छ। विभाजित नेकपालाई आफ्नो नेतृत्वमा मजबुत बनाउन गरिएको प्रयासमा फ्लोर क्रमको ठूलो झट्का खाएपछि घाट प्रतिघातका प्रहार भने उग्र हुने संकेत देखिए पनि ओली र माधव नेपालबीच ६ महिनादेखि रहेको सम्वादहीनता भर्खरै टुटेको छ। सम्वादका निष्कर्ष बाहिर नआए पनि पारस्परिक सम्वाद भने सुरु भएको छ।

शक्ति संघर्षमा एमालेका विरोधी पक्षले पनि ओलीलाई मात दिएकोले दुवै पक्ष अब आत्मसमीक्षामा आएको देखिन्छ। यो शक्ति संघर्षमा एमाले समाप्त हुने कुरा दुवै पक्षले बुझेपछि सम्वादहीनताको क्रम भंग गरिएको आभाष हुन्छ। ओलीको निरंकुशताले हामीलाई भित्तैमा पुऱ्याएकोले प्रतिरक्षा गर्न डटेर प्रतिवाद गर्नु स्वाभाविक हो। हामीले सोही गरेका छौं। विरोधी पक्षको गुनासो यसरी आएको छ।

सम्वादहीनताको क्रम भंग भएको, ओली, नेपाल पक्षको बैठक सुरु हुँदा अहिले तत्कालै आत्मसमीक्षा वा आत्मालोचनाका शब्दहरु प्रयोग गर्न हतार होला। राजनीतिमा जहर घोलेर यति विषाक्त बनाइएको छ कि सम्बन्धको तिक्तता यति चाँडो सहज नहुने देखिन्छ। सत्ताशक्तिको प्रयोगले प्रतिस्पर्धामा ओली अग्र स्थानमा देखिएकोले आफ्ना विरोधी नेताहरु विगतमा गरिएको अनैतिक क्रियाकलाप वापत शक्ति प्रहार खप्न सक्छ कि सक्दैन। विपक्षलाई त्यसको पनि ठूलो डर छ। डर र त्रासका कारण पनि विरोध गर्ने तर पार्टी फुटाएर अलग नहुने विरोधी पक्षको बाध्यताका कारण सम्वादहीनताको क्रम भंग भएको हो। पारस्परिक सम्वादमा एक अर्काको मनस्थिति पनि पत्ता लगाउन सम्वाद थालिएको हो।

आफ्नै आफन्तको सामूहिक हत्या गरी सत्ता खोस्ने नेपाली ऐतिहासिक परम्पराले सोही हत्याकाण्डलाई ‘पर्व’ को रुपमा चित्रित गर्ने इतिहासमा प्रशस्त उदाहरणहरु पाइन्छ। अहिले सहज र स्थिर राजनीतिलाई आफ्नो-आफ्नो स्वार्थका कारण तरल अवस्थामा ल्याई पुऱ्याउँदा सकारात्मक वा नकारात्मक परिणामबारे केही भन्ने स्थिति छैन। जनमतभन्दा ‘हतकाण्ड”बाट सत्ता प्राप्त गर्ने राज्यसत्ताको पौराणिक मान्यता अहिले पनि विद्यमान रहेकोले शासकहरुले हिंसक मानसिकता त्याग्न सकेको छैन। लोकतन्त्रको पुनर्अभ्यास गर्दा पनि ३ दशकभन्दा बढी भयो तर हिंसक मानसिकताबाट मुक्त भएका छैनन्। अनावश्यक रुपले सिर्जित द्वन्द्वको अवस्थाले त्यस्तै परिस्थितिको झझल्को दिइरहेको छ।

बजेट अधिवेशन आउँदैछ। एकपल्ट फेरि राजनीतिक अखाडा तातिने छ। निर्णायक शक्तिको रुपमा रहेको जसपा सत्ता समीकरणमा महत्वपूर्ण रोलमा छ। अपमानजनक तरिकाबाट ओलीले आफ्नो सरकारबाट निकालिएका कारण उपेन्द्र यादव कुनै पनि शर्तमा ओलीको समर्थनमा आउन चाहिरहेको छैन। रेशम चौधरीको रिहाइको प्रक्रिया तथा कार्यकर्ताहरुको मुद्दा फिर्ता लिने प्रक्रिया ओलीले अगाडि बढाएका कारण महन्थ ठाकुर राजेन्द्र महतोको मजबुत गुट ओलीको खुला समर्थनमा देखिएको छ। एउटै पार्टीभित्र सत्ता पक्ष विपक्षको दुईवटा स्पष्ट धार देखिएकोले जसपाको विभाजन निश्चित देखिन्छ। उपेन्द्र यादवको विरोधलाई चुनावका बेला ओलीले रातारात साम्य पारेको हामीसँग उदाहरण ताजै छ। पुनश्चः बार्गेनिङका लागि उपेन्द्र यादवले विरोध गरेको छ भने यो समस्या एकछिनमा सल्टिनेछ र जसपालाई दोहोरो फाइदा भएर पार्टी जोगिनेछ। आन्दोलन छाडेर बिना शर्त चुनावमा भाग लिने उपेन्द्र यादवको युटर्न अनौठो होइन।

ओली र उपेन्द्र दुवै जिद्दी स्वभावका राजनीतिकर्मी रहेकोले सतहमा देखिएको विरोध पार्टी बचाउने निहुँमा उपेन्द्र र ओलीको गोप्य वार्ता कुनै असम्भव होइन। सांसदहरुको गणितमा पास हुन ओली जुनसुकै कार्य गर्न सक्षम रहेकोले अहिले उपेन्द्र यादवको विरोध बार्गेनिङ सरह नै देखिएको छ। बरु समथिङ्ग इज बेटर देन नथिङ्गको महन्थ ठाकुरको रणनीति प्रशंसनीय छ। सबै कुरा सम्बोधन गराउन नसके पनि रेशम चौधरीको रिहाइ र मुद्दा फिर्ता यी दुई कार्यले महन्थ ठाकुरको प्रतिष्ठा बढ्नेमा कुनै शंका छैन।

जसपालाई बकसपत्र दिने वा विभाजन गर्ने ओलीकै हातमा छ। पूर्व राजपालाई लिने वा अरु थप ६ जना सांसद लिने वा सिंगै जसपालाई लिने भन्ने कुरा अहिले गर्भमा देखिन्छ। बजेट अधिवेशन बस्दासम्म धेरै कुरा स्पष्ट हुनेछ। नेकपा (माओवादी), नेपाल पक्ष जसपा र नेपाली कांग्रेससँग वैकल्पिक सरकार बनाउनका लागि सहयोग गर्न आग्रह गरिरहेका छन्। नेपाली कांग्रेस र विभाजित जसपाले अविश्वासको प्रस्ताव सफल हुने कुनै आश नभएको अनुभव गरिरहेका छन्। त्यसकारण ओलीको विरुद्धा विपक्षले कुनै ठोस रणनीति लिन सकिरहेको छैन।

सत्ता शक्तिको प्रयोगले ओलीले अनेक दाउ चाले पनि कर्णाली प्रदेशको फ्लोरक्रसले अचम्मित पारेको छ। राजनीतिक अनुकूलता आफ्नो पक्षमा ल्याए पनि ओलीको लागि आउँदो समय सहजा भने छैन। सामान्य चुकले कल्पनाको महल चकनाचूर हुनेमा कुनै शंका छैन। तसर्थ ओलीको प्रशासनिक कुशलता सफलतासम्म कसरी जाने हेर्न बाँकी छ।

janukjha24@gmail.com

**जसपालाई बकसपत्र दिने वा विभाजन गर्ने ओलीकै हातमा छ। पूर्व राजपालाई लिने वा अरु थप ६ जना सांसद लिने वा सिंगै जसपालाई लिने भन्ने कुरा अहिले गर्भमा देखिन्छ। बजेट अधिवेशन बस्दासम्म धेरै कुरा स्पष्ट हुनेछ।**

# आ-आफ्ना विचार राख्नेलाई अन्यथा लिनु हुँदैन



मनिष मिश्र

जनता समाजवादी पार्टी नेपाल निर्माण भएको एक वर्ष पूरा भएको छ। यस अवसरमा हाम्रा पार्टीका सबै नेता कार्यकर्ता, शुभचिन्तक र समर्थकहरुलाई शुभकामना दिन चाहन्छु। यो एकवर्षे अवधिलाई मूल्यांकन गर्दा राष्ट्रिय राजनीतिमा साना-साना दलहरुलाई महत्व दिइँदैनथ्यो। विगतमा जनताले पुराना पार्टीहरुलाई नै बाध्य भएर मत दिनुपर्ने अवस्था थियो। तर जब नेपालका सम्पूर्ण उत्पीडित, शोषित र अपहेलितहरुको जनता समाजवादी पार्टी निर्माण भयो, अनि जनताले एउटा विकल्प पाएका छन्। अहिले पनि राष्ट्रिय राजनीतिमा जसपाले चाहे भने मात्र कसैको सरकार बन्ने, थुप्रै प्रादेशिक सरकारहरुमा हाम्रो भूमिका रहन गयो। राष्ट्रिय राजनीतिमा नै हाम्रो भूमिका बलियो हुन गयो। अहिले जसपाबाट नै प्रधानमन्त्री बन्नुस् भन्ने अफर आयो। हाम्रा नेताजीहरुलाई व्यक्तिगतरुपमादेखि सार्वजनिक रुपमा पनि सरकारको नेतृत्व गर्ने अफर आयो। अर्थात् एकतामा तागत हुँदो रहेछ भन्ने कुरा प्रमाणित भएको छ। एकीकृत भइयो भने देशै सञ्चालन गर्न पाउँदोरहेछ। एकीकृत रहियो भने सधैं अर्काको पछुवा होइन आफै पनि देशको नेतृत्व गर्न सकिन्छ भन्ने अनुभूति गऱ्यौं। जसपा गठन भएको छोटो समयमा नै देश र दुनियाँको आँखामा देखाउन सक्यौं।

जसपाभित्र अहिले दुई ध्रुव देखिएको भन्ने प्रश्नहरु उठ्न थालेका छन्। फुट्न सजिलो छ तर जुट्न धेरै गाह्रो हुन्छ। विश्वकै राजनीतिमा ७-८ वटा राजनीतिक दलबीच एकीकरण भएको विरलै देख्न सकिन्छ। नेपालकै राजनीतिमा २-३ वटा पार्टी मिलेको देख्न सक्नुहुन्छ। विश्वमै नभएका चुनौतीपूर्ण काम हामीले गरेका छन्। देश र जनतालाई समतामूलक समाज निर्माण गर्नु हाम्रो उद्देश्य हो। सबै प्रकारका विभेदहरुको अन्त्य गर्नु हो। भोलीका दिनमा देश र जनताका बीच एउटा वैकल्पिक शक्तिको रुपमा आफूलाई उभ्याउनु हाम्रो उद्देश्य हो। परम्परावादी पार्टीको अधिनस्त रहेका नेपाली जनतालाई उन्मुक्त गराउनु हो। भोलीको दिनमा पूरै देश नै हाँक्न सक्ने अवस्थाको निर्माण हुँदैछ।

जीवन्त राजनीतिक दलमा दुई-तीनवटा वैचारिक धार हुनु स्वाभाविक मानिन्छ। लोकतन्त्रमा पार्टीका नेताहरु पृथक-पृथक विचार राख्नु पनि स्वाभाविक देखिन्छ। अहिले जसपामा सरकारको बारे दृष्टिकोण, सरकारको नेतृत्वदायी भूमिकाबारे अथवा सरकारलाई समर्थन वा विरोध गर्ने वैचारिक दृष्टिकोणमा केही पृथकता सञ्चारमाध्यमहरुबाट आइरहेका छन्। त्यसलाई हामीले स्वाभाविकरुपमा लिएका छौं। कसैलाई कोही प्यारो, कसैलाई कोही ठिक भन्ने जस्ता कुराहरु छलफल हुनु लोकतन्त्रमा एकदम स्वाभाविक हो। तसर्थ, हाम्रा पार्टीको नेतृत्वमा तहमा पनि आआफ्ना विचार राख्नेलाई अन्यथा लिनु हुँदैन। तर पार्टीले आधिकारिकरुपमा कसैलाई समर्थन गर्दा अथवा विरोध गर्दा आधिकारिकरुपमा नै निर्णय गर्छ र त्यो सबैलाई मान्य पनि हुन्छ। यो कुराको निर्क्योल जसपाको केन्द्रीय कार्यकार्यकारिणी समितिको बैठकबाट हुनेछ। त्यो निर्णय अल्पमत वा बहुमतले होइन, सर्वसम्मत तरिकाले निर्णय हुनेछ। त्यसपछि पार्टीका सम्पूर्ण नेता कार्यकर्ताहरु सोहीअनुरुप दायित्वबोध गर्नेछन्।

# आफू सत्तामा हुँदा केही गर्न नसक्ने र अहिले प्रयास गरेको काम हुँदा त्यसको केही अर्थ छैन भन्ने ?

उपेन्द्रजी वा राजेन्द्रजीले के भन्छ, त्यसको कुनै अर्थ छैन । पार्टीले के भन्छ त्यसको अर्थ छ र सोही अनुसार पार्टी चल्छ । पार्टी भने कुनै व्यक्तिको होइन । कसैको हैकमवादी वा एकल विचारबाट जसपा चल्दैन । सामूहिक विचार र संस्थागत निर्णयबाट चल्ने पार्टी हो जसपा । त्यसैले आफ्नै गोरुको बाह्रैटक्का कसैको चल्नेवाला छैन ।



## राजेन्द्र महतो
### वरिष्ठ नेता
### जनता समाजवादी पार्टी नेपाल

**० सरकारले १२० जना आन्दोलनकारीमाथिको मुद्दा फिर्ता लिएको छ, यसलाई कुन रुपमा लिनुभएको छ ?**

– वर्षौंदेखि हाम्रा नेता कार्यकर्ताहरु पीडामा थिए । सरकारद्वारा झुठा मुद्दा लगाएर परेशान गरिएको थियो । झुठा मुद्दा फिर्ता र राजबन्दी रिहाइका लागि हामीले पटक-पटक सबै सरकारहरुसँग आग्रह गर्दै आएका थियौं र यो सरकारलाई पनि आग्रह गरेका थियौं । यो सरकारको मन्त्रिपरिषद्को निर्णय बुधबार जुन सार्वजनिक भयो, त्यसबाट एउटा शुभ संकेत देखिएको छ र सकारात्मक पहल भयो यो सरकारबाट । पहिलो चरणमा १५ वटा मुद्दाका १२० जना हाम्रा साथीहरुमाथिको मुद्दा फिर्ता भएको छ । अझ पनि १० वटा मुद्दामा करिब एक सयभन्दा बढी साथीहरुमाथि मुद्दा छँदैछ । त्यो पनि फिर्ता गरिदिनुस् भनेर हामीले सरकारलाई आग्रह गरेका छौं । त्यो पनि प्रक्रियामा छ, चाँडै फिर्ता हुन्छ होला । सरकारको यो कामका लागि धन्यवाद दिन चाहन्छु ।

**० शुभ संकेत भन्नाले मागहरु पूरा हुनेतिर हो कि सत्ता सहकार्यका लागि ?**

– हाम्रो यी दुइटै कुरा जोडिन सक्छ । हाम्रा राजनीतिक मागहरु जुन विगतमा पूरा हुन सकेन । यो केपी ओलीको सरकारलाई हामीले विगतमा बाहिरबाट समर्थन गरेका थियौं र उपेन्द्र यादवजी दुईबुँदे सहमति गरेर सरकारमै सहभागी हुनुभएको थियो । खासगरी, त्यो संविधान संशोधनका सवालहरु थिए, त्यतिबेला त्यो सवाल सम्बोधन गरिएन । त्यसपछि हामीले समर्थ फिर्ता लिएका थियौं, उपेन्द्रजी सरकारबाट बाहिर आउनुभएको थियो । त्यो सवाल मुख्य हो । यो शुभ संकेत त हो, विश्वासको वातावरण बनाउने सरकारको यो निर्णयबाट भएको हो । अब मुख्य सवाल संविधान संशोधनको विषयवस्तुमा प्रवेश गर्नुपर्ने हो । प्रधानमन्त्रीजीले भन्दै आउनुभएको आवश्यकता र औचित्य स्वीकार गरेर संशोधनको प्रक्रियामा लैजानका लागि अब त गृहकार्य सुरु गर्नुपर्‍यो । संविधान संशोधनका लागि सरकार अब सकारात्मकरुपमा अगाडि बढ्नुपर्छ, त्यो पनि हामीले अपेक्षा गरेका छौं । नागरिकता सम्बन्धी विधेयक तीन वर्षदेखि संसदमा थन्किएको छ, त्यसबाट जन्मसिद्ध नागरिकका लाखौं सन्तानहरु विचलित अवस्थामा छन्, ती मुद्दाहरुसमेत सकारात्मकरुपमा अगाडि बढाउनुपर्‍यो, संसदबाट पारित गराउनुपर्‍यो । यी सवालमा सरकार सकारात्मकरुपमा अगाडि बढेको अवस्थामा सरकारसँग सहयोग आदान-प्रदान हुन सक्छ । सरकारलाई सहयोग गर्न सक्ने वातावरण बन्न सक्छ । पार्टीभित्र यी कुराहरु उठाउन सकिन्छ र पार्टीको निर्णयअनुसार सरकारलाई सहयोग गर्न पनि मिल्छ । त्यसैले सुरुवात सकारात्मक हो ।

**० तपाईंहरु शुभ संकेत भनिरहनुभएको छ भने उपेन्द्र यादवले यसलाई अर्कै तरिकाले अर्थ्याउनुभएको छ नि ?**

– यो लोकतन्त्र हो, पार्टीभित्र पनि लोकतन्त्र हो । पार्टीभित्र कुनै पनि नेताले कुनै पनि आफ्नो धारणा बनाउन सक्छ र विभिन्न कारणले धारणा बन्छ । अहिले पार्टीको कुनै निर्णय नभइसकेको अवस्थामा सत्ता समीकरणको सवालमा कुन सरकारलाई सहयोग गर्ने, कता जाने, कोसँग जाने, कुन समीकरणमा जाने, आफ्नो माग मुद्दा सम्बोधन गराउने तर्फ जाने वा अर्कोतर्फ जाने लगायतका विभिन्न सवालहरु छन् । यो सन्दर्भमा अहिलेसम्म पार्टीको कुनै पनि निर्णय भएको छैन । समय आएपछि पार्टीले यो सन्दर्भमा पनि एउटा निर्णय गर्छ र पार्टीले जेन निर्णय गर्छ सोही अनुसार नै चल्छ । पार्टीको निर्णय नभइसक्दा हामी सबैले आआफ्ना विचार राख्न सक्छौं । पार्टीको निर्णयमा चित्त बुझेन भने नोट अफ डिसेन्ट पनि लेख्न पाइन्छ । त्यसैले उपेन्द्र यादवजीको भनाइलाई अन्यथा लिनुहुन्न । हाम्रा पार्टीका कुनै नेताले केही भन्दैमा त्यहीं कुरा पार्टीको लाइन हुँदैन । अन्ततोगत्वा पार्टीको निर्णयअनुसार नै हुन्छ । मुद्दा मामिला सरकारले नै फिर्ता गर्ने हो । विगतमा ओली, प्रचण्ड र कोइरालाहरुले मुद्दा फिर्ता लिएन तर अहिलेको सरकारले लिइरहेको छ । जुन दुईबुँदे सहमति गरेर उपेन्द्रजी सरकारमा जानुभएको थियो, त्यो उहाँले कार्यान्वयन गराउन सक्नुभएन । अब सरकार त्यो विषयमा प्रवेश गर्नुपर्छ । सरकारसँग सहकार्यका लागि जहाँबाट सम्बन्ध टुटेको थियो, त्यहाँबाट सरकारले त्यो सम्बन्ध जोड्नुपर्छ । त्यसपछि हाम्रो कुरा सकारात्मकरुपमा अगाडि बढ्न सक्छ । त्यसपछि पार्टीले यो सरकारसँग पनि सहकार्यको अवस्था बनाउने निर्णय गर्छ । त्यसैले आगामी दिनमा पार्टी कसरी अगाडि बढ्ने हो त्यो सरकारको क्रियाकलापमा नै निर्भर गर्छ ।

**० तपाईंहरु (पूर्वराजपा)ले यो सरकारसँग सहकार्यको वातावरण बन्न सक्छ भन्नुहुन्छ भने अर्कोतिर पूर्वसमाजवादीका नेताहरु कुनै पनि हालतमा ओलीसँग सहकार्य हुन सक्दैन भन्दै आउनुभएका छन् । यस्तो अवस्थामा जसपा एक रहन सक्छ त ?**

– त्यो व्यक्तिको विचार हो, पार्टीको विचार होइन । पार्टीले यो सम्बन्धमा कुनै पनि निर्णय गरेको छैन । केपी ओलीको बहिर्गमन र यसको विकल्पमा अर्को सरकार निर्माण गर्ने वा केपी ओलीको सरकारले नै माग पूरा गरिरहेको छ भने यही सरकारको निरन्तरता, यही सरकारलाई सहयोग, समर्थन र सहकार्यसम्मको निर्णय पार्टीले गरेको छैन । त्यसैले यस विषयमा आ-आफ्नो विचार आइरहेका छन् । यस्ता विचारहरु आउनु स्वाभाविकै हो । कुनै निर्णय भइसकेपछि त्यो लागू हुन्छ र चित्त बुझेन भने नोट अफ डिसेन्ट लेख्न पाइन्छ । दुनियाँको लोकतान्त्रिक पार्टी यही प्रक्रियाबाट चल्छ ।

**० माग पूरा गरेपनि प्रतिगमनकारीसँग कसरी सहकार्य हुन्छ त ?**

– हाम्रो नजरमा त सबै प्रतिगमनकारी नै हुन् । केपी ओली, प्रचण्ड र कोइरालाहरुले हामीमाथि गोली चलाएर संविधान जारी गरेको होइनन् ? जनताले प्राप्त गरेको अधिकार पनि खोसेर यिनीहरुले संविधान बनाएका हुन् । त्यसैले यी सबै प्रतिगमनकारी नै हुन् । त्यसमा केपी ओलीजीले संसद विघटन गरर थप प्रतिगमन गर्नुभएको थियो । त्यसको विरुद्धमा हामी सबै मिलेर लड्यौं र अन्ततोगत्वा सर्वो अदालतले त्यसलाई पराजित गर्‍यो । त्यो प्रतिगमन अदालतको निर्णयबाट सच्चिएको हो । अहिले सत्ता र कुर्सीको लडाइ हो । उपेन्द्रजीहरु अर्को सरकार बनाएर सरकारमा जाने सोच बनाउनुभएको छ, यदि त्यसो हो भने माग र मुद्दा सम्बोधन नभइकन त्यसरी त सरकारमा जान पाइँदैन । हाम्रो माग र मुद्दाको सन्दर्भमा वर्तमान सरकारले नै पूरा गरिरहेको छ । पार्टीले के निर्णय गर्छ सोही कुरालाई अगाडि बढाउने हो ।

**० पार्टीको बैठक किन बसिरहेको छैन त ?**

– अहिलेसम्म हाम्रो पार्टीमा सत्ता समीकरण वा सहकार्यको एजेन्डा बनेको छैन । पार्टीको एजेन्डा भनेको आफ्नो माग र मुद्दालाई कसरी सम्बोधन गराउने तर्फ हामी अग्रसर छौं । सत्ताको एजेन्डा भनेको नेपाली कांग्रेसले निर्णय गरेको छ, उसको नेतृत्वमा सरकार बन्नुपर्‍यो त्यो उसको एजेन्डा हो, हाम्रो होइन । उसको पछि दौडिने जसपाको काम होइन । माओवादीको एजेन्डा हो केपी ओलीको बहिर्गमन । आफै समर्थन जारी नै राखेको छ, अनि बहिर्गमन गराउने रे । माओवादीको पछि लाग्ने हाम्रो एजेन्डा होइन । जब यो संसदमा सरकार र सत्ताको कुरा प्रवेश गर्छ त्यतिबेला स्वाभाविक एजेन्डा बन्छ त्यतिबेला पार्टीको बैठक बस्छ । त्यसैले पार्टीले कुनै निर्णय गरिहाल्नुपर्ने परिपक्क समय आएको छैन । परिपक्क समयमा पार्टीले उपयुक्त निर्णय गर्छ र त्यो कार्यान्वयन हुन्छ ।

**० माओवादीको एजेन्डामा उपेन्द्र यादवहरु किन लागिरहनुभएको होला ?**

– माओवादी र प्रचण्डजीसँग उपेन्द्रजीको के हो सम्बन्ध, त्यो त उहाँसँग नै सोध्नुहोला । हामी त कसैको अनुहार हेर्ने होइन, आफ्नो मुद्दा हेर्ने हो । विगतको मधेश आन्दोलनको लिगेसी हाम्रो टाउकोमा छ । हामीले आन्दोलनका बेला उठाएको मुद्दा सम्बोधन गराउन सकेनौं । त्यो भनेको संविधान संशोधन थियो । त्यो संविधान संशोधनको स्वीकारोक्ति प्रक्रिया अगाडि बढाउन दबाब बनाउने हाम्रो दायित्व हो । त्यो हामीले गरिरहेका छौं । हाम्रो आह्वानमा गरिएको आन्दोलनमा सयौं नेता कार्यकर्ताहरुमाथि झुठा मुद्दाहरु लगाइदिए । साथीहरु जेलमा छन्, साथीहरु पीडामा छन् । ती मुद्दाहरु फिर्ता गराउने, बन्दी रिहाइ गराउने हाम्रो नैतिक दायित्व हो । त्यसैले विगतको आन्दोलनको जुन अभिभारा हो, त्यसलाई हामीले दायित्व बोध गर्नुपर्छ । औपनिवेशिक सोच र चिन्तनबाट यो देशलाई कसरी मुक्ति दिलाउने हो, देशमा अधिकार, पहिचान, सुशासन कसरी ल्याउने हो त्यो एजेन्डाका साथ जसपाको निर्माण भएको हो । त्यो एजेन्डाका लागि हामीले आगामी दिनमा संघर्ष गर्ने नै हो । विगतको कार्यभारलाई अहिले हामी पूरा गर्न खोजेका हौं ।

**० उपेन्द्र यादवले मुद्दा फिर्तालाई तपाईंहरुले पोलिटिकल ब्ल्याकमेलिङ्ग गर्दै सत्तासँग साट्न खोज्नु भएको भन्ने आरोप लगाउनुभएको छ नि ?**

– यो शोभनीय कुरा होइन । कार्यकर्ताको पीडा नेताले बुझ्नुपर्छ । मुद्दा फिर्ता सत्ता र सहकार्यसँग कुनै सरोकार नै छैन । सरकार र सत्ताको सम्बन्ध आउँछ । त्यो कसरी आउँछ भने जसरी दुईबुँदे सहमति गरेर उपेन्द्रजी सरकारमा कुदिहाल्नुभएको थियो र काम गराउन सक्नुभएन । त्यहाँबाट यदि माग सम्बोधन गराउने हो भने सत्ता सहकार्यको कुरा आउँछ । उहाँले संविधान संशोधन गराउन सक्नुभएन अनि सरकार नै छोड्नुपर्ने अवस्था आयो, त्यो काम हामीले सरकारभन्दा बाहिर बसेर गराउन खोजेका छौं । त्यो काम यदि हामीले सरकारबाट गराउन सक्यौं भने मुद्दा र राजनीतिक सवालका लागि अगाडि बढ्न सकिन्छ । त्यसैले मुद्दा फिर्तालाई सत्तासँग जोड्न जरुरी नै छैन । सरकारमा सहभागिता वा सहकार्यका लागि यो मुद्दा फिर्ता भएको होइन । हामीले निःशर्त भनेका थियौं, त्यहींरुपमा भइरहेको छ । आगामी दिनमा राजनीतिक मुद्दा लिएर हामी अगाडि बढ्छौं । त्यो सम्बन्धमा सरकार सकारात्मक रुपमा आएको अवस्थामा पार्टीले सकारात्मकरुपमा निर्णय लिन सक्छ । उपेन्द्रजी वा राजेन्द्रजीले के भन्छ, त्यसको कुनै अर्थ छैन । पार्टीले के भन्छ त्यसको अर्थ छ र सोही अनुसार पार्टी चल्छ । पार्टी भने कुनै व्यक्तिको होइन । कसैको हैकमवादी वा एकल विचारबाट जसपा चल्दैन । सामूहिक विचार र संस्थागत निर्णयबाट चल्ने पार्टी हो जसपा । त्यसैले आफ्नै गोरुको बाह्रैटक्का कसैको चल्नेवाला छैन ।

**० उपेन्द्र यादव सरकारमा गएर पनि माग पूरा गराउन सक्नुभएन, तपाईंहरु बाहिर भएर पनि मागहरु पूरा गराउँदै हुनुहुन्छ । भनेपछि यसको श्रेय तपाईंहरुले मात्र लिनुहुन्छ भन्ने मानसिकता पनि होला कि ?**

– संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाको आह्वानमा मधेश आन्दोलन भएको थियो । त्यतिबेला उपेन्द्रजीको फोरम पनि थियो र हामी पनि थियौं । त्यो आन्दोलनमा हाम्रा सयौं आन्दोलनकारीहरुले शहादत दिएका थिए, हजारौं घाइते भएका थिए, सयौंमाथि मुद्दा हालिएको छ र दर्जनौं साथीहरु जेलमा छन् । अनि यसबारे कसले सोचिदिने ? हाम्रो आह्वानमा आन्दोलन हुने अनि ती कार्यकर्ताहरुलाई बीचमा नै छोड्ने ? **आफू सत्तामा हुँदा केही गर्न नसक्ने र अहिले प्रयास गरेको काम हुँदा त्यसको केही अर्थ छैन भन्न** मिल्दैन । जसरी पनि पार्टीले काम गराउन सकेमा हाम्रा कार्यकर्ता र जनताका लागि सुखद कुरा हो । यसमा जस-अपजसको सवाल होइन । अब कसैले गराउन सकेन, किन गराउन सकेन त्यसको मूल्यांकन आफैले गर्ने हो । देश र जनताले हेरिरहेका छन् । सत्तामा कुर्सीका लागि मात्रै जाने होइन, जनताको कामको लागि पनि जाने हो नि त । त्यसैले अहिले भइरहेको छ भने रिसराग राख्ने कुरा पनि छैन । अहिले भइरहेको छ भने आत्मसात गर्नुपर्ने, स्वागत गर्नुपर्ने, खुशी मनाउनुपर्ने हो । उल्टो-उल्टो कुरा गरेर हुँदैन नि ।

**० सांसद रेशमलाल चौधरी रिहा नभइकन सत्ता सहकार्यको वातावरण बन्न सक्छ ?**

– मुद्दा, मामिला फिर्ता सत्ता सहकार्यसँग सम्बन्ध नै होइन । सत्ता सहकार्यको सम्बन्ध राजनीतिक मुद्दासँग छ । केही मुद्दाहरु फिर्ता भएका छन्, केही हुने क्रममा छन् । सर्वोच्च अदालतमा चलिरहेको मुद्दा अदालती प्रक्रियाबाट नै समाधान हुने हो । रेशम चौधरी लगायत टीकापुर घटनाका करिब ६ जनाको मुद्दा सर्वोच्चमा छ, त्यो अदालती प्रक्रियाबाट नै टुंगिन्छ भन्ने कुरा नियम कानूनअनुसार हुने बताइएको हो । सर्वोच्चमा रहेको मुद्दा फिर्ता लिन मिल्दैन । अदालतमा सफाई पाउने हामीलाई विश्वास छ । अदालतमा टुंगिसकेपछि केही रहन्छ भने सरकारको काम हुन्छ । सरकारले हामीलाई वचन दिएको छ ।

**० लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण पनि तपाईंहरुको माग हो, यसबारे के भइरहेको छ ?**

– लाल आयोगको प्रतिवेदन सार्वजनिक हुनुपर्छ भनेर हामीले माग गर्दै आएका छौं । त्यो सार्वजनिक भयो भने सरकारलाई पनि सहयोग हुन्छ र मुद्दामा फैसला गर्न पनि सहयोग हुन्छ । त्यो राजनीतिक मुद्दा हो, मधेश-थरुहट आन्दोलनमा के कसरी भएको हो भन्ने कुराको सत्यतथ्य त्यो प्रतिवेदनमा आएको छ भन्ने सुनेका छौं । नेपाली जनताले पनि थाहा पाउलान् । त्यसैले हामीले लाल आयोगको प्रतिवेदन सार्वजनिक होस् भनिरहेका छौं ।

**० अहिले मुद्दा फिर्ता भइरहेको बेलामा प्रतिवेदन सार्वजनिक भइदियो भने अड्डा अदालत र सरकारलाई पनि सजिलो हुन्थ्यो नि ?**

– लाल आयोगको प्रतिवेदनले मुद्दा मामिलामा निर्णय दिन सहयोग गर्छ, त्यो सही हो । तर त्यो सार्वजनिक भएन भने मुद्दै फिर्ता नहुने, केही काम कारबाही अगाडि बढ्दैन भन्ने होइन । त्यो सरकारको अधिकार क्षेत्रभित्र पर्छ । त्यो झुठा मुद्दा हो, राजनीतिक मुद्दा हो । त्यसैले सरकारले फिर्ता पनि गरिरहेको छ । तर लाल आयोगको प्रतिवेदन सार्वजनिक भयो भने टीकापुर घटनाबारे फैसला गर्न सजिलो हुन्छ । हामीले पनि सरकारलाई भनिरहेका छौं ।

**० अब अन्त्यमा, सत्ता सहकार्यको वातावरण बन्दै गर्दा जसपा विभाजनको सम्भावना कति छ ?**

– मुद्दा फिर्ता गर्दैमा सत्ता सहकार्यको कुरा हुनै सक्दैन । मुद्दा फिर्ता लियो भने पार्टी सरकारमा गइहाल्ने अवस्था छैन । राजनीतिक मुद्दाहरु संविधान संशोधन लगायतका सवालहरु जसबाट जनता प्रभावित छन्, त्यो सन्दर्भमा सरकार सकारात्मक रुपमा आएको अवस्थामा पार्टीको बैठकमा सकारात्मक परिस्थिति बन्न सक्छ । राजनीतिक मुद्दामा सरकारको व्यवहार र पार्टीको निर्णय आउन बाँकी छ ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

17-3, Madheshvani, Baishakh-17, 2078.pmd 3
5/2/2021, 2:49 PM

# मधेशका मुद्दा र सधैंभरिको राजनीतिक खिचातानी



**ललित कुमार यादव**

राजनीतिक स्थिरता कायम हुन सके मात्र मुलुकको समृद्ध बन्नेक अभिलासा पुरा हुन सक्छ। राजनीतिक अस्थिर रहेमा कुनै पनि मुलुकले समृद्धि हासिल गर्न सक्दैन।समृद्धिको लागि राजनीतिक स्थिरता अति आवश्य क छ । यसमा कुनै राजनीतिक दलको बिमति छैन तर, यिनै दलहरु बारम्बार राजनीतिक अस्थिरताका कारक बन्ने  गरेका छन्। स्थिरता र समृद्धि कै मुद्दा लिएर २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा एमाले र माओवादी केन्द्रले चुनावी गठबन्धन गरे। निर्वाचनमा गठबन्धनले करिब दुई तिहाइ सिटमा बिजय प्राप्तर गर्योम । केन्द्र र ६ वटा प्रदेशमा गठबन्धनकै सरकार बन्यो । सरकार बनाउन सहज बहुमत गठबन्धनसँग थियो ।चुनावी गठबन्ध पछि पार्टि एकतामै रुपान्तरित भयो ।

निर्वाचनमा स्थिरता र समृद्धि को नारा दिएकाहरु अहिले आफै अस्थिरताका मूख्य कारक बनेका छन् । उनीहरु आ-आफ्ना कित्ता काट्ट गरिसकेका छन् । कोही अहिले पनि आफ्ना हिस्सा खोज्दै कित्ता काट्ट गर्ने अन्तआर संघर्षमा रहेका छन् । राजनीतिक स्थिरता कायम गरेर मुलुकलाइ समृद्ध बनाउन प्राप्तर गरेको मत बिभाजित भएको छ । मत बिभाजनले केन्द्र र प्रदेश सरकारहरु संकटमा परेको छ । केन्द्र र प्रदेश सरकारको सत्तासमिकरण फेर्ने प्रयासहरु जारी छ । केही प्रदेशमा प्रयास आश्चनर्यजनक रुपमा सफल भएको छ। भने केही प्रदेश र केन्द्रमा प्रयास सफल हुने की असफल हुने अन्योलमा रहेको छ ? निर्वाचनमा बहुमत प्राप्तक गरेपनि बहुमत टिकाइ राख्नक सफल नभएको कारण मुलुकको राजनीति पुनः अस्थिरताकै बाटोमा पुगेको छ । २०४७ साल पश्चाफतनै मुलुकले राजनीतिक क्रान्ति भन्दा आर्थिक क्रान्तिमा जोड दिनु पर्ने हो । तर, २०६२/२०६३ को राजनीतिक क्रान्ति पश्चात्‌को डेढ दशक लामो समय पार गरि सक्दा पनि मुलुक राजनीतिक स्थिरताकै खोजीमा छ।

२०६२/२०६३ कै जनआन्दोलनको निरन्तरताकै रुपमा मधेश आन्दोलन भयो । मधेशले आफ्ना राजनीतिक अधिकार प्राप्तश गर्नकै लागि आन्दोलनको बाटो रोजेको थियो । प्रथम मधेश आन्दोलन भए पश्चातत मुलुकले लगभग डेढ दशकको समय पार गरिसकेको छ । तर, मधेश मुद्दा सम्बोधन हुन सकेको छैन । यस अबधीमा मधेशमा तीनवटा आन्दोलन भैसकेको छ। अहिले पनि मधेश आफ्ना पुरानै मागहरु पुरा गराउने अडान र प्रयासमा छ । नेपाल सरकारले मधेश केन्द्रीत दलहरुसँग २२ बुँदे र ८ बुँदे सहमति गरेर मधेश  समस्या समाधान गर्ने प्रतिबद्धता मधेशसँग गरेको थियो ।२२ बुँदे र ८ बुँदे सहमति अहिले पनि मधेश आन्दोलनको उपलब्धिको दस्तावेजकै रुपमा रहेको छ ।

मधेश आन्दोलनले उठाएको कुनै पनि मुद्दा सम्बोधन भएकै छैन भन्नव मिल्दैन । यो गलत हुन्छ । मधेशले उठाएका सबै मुद्दामा लगभग काम भएको अवस्था छ । तर मधेशले अपनत्व लिन सक्ने गरि मधेशको सहमतिमा  पूर्ण रुपमा कार्यवन्यन भएको छैन । राज्यले आफ्नो चाहना अनुसार मात्र गरेको छ ।मुलुक संघीयतामा जानु , समावेशीको सिद्धान्तलाइ स्विकार गर्नु मधेश आन्दोलनकै उपलब्धि हो । नागरिकता समस्या पनि केही हदसम्म समाधान भएको छ । तर, पूर्ण रुपमा हल हुन सकेको छैन । नागरिकता बिधेयक आफ्ना सहमतिमा पारित हुनु पार्ने अहिले पनि जसपाको माग रहेको छ । नेपाल सरकारले २०६४ साल भदौ १३ मा मधेशी जन अधिकार फोरम नेपाल सँग २२ बुँदे र २०६४ साल फाल्गुण १६ मा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग ८ बुँदे सहमति गरेको थियो । यही सहमतिको अधारमा मधेश संबिधानसभाको निर्वाचनमा गयो र निर्वाचन सम्भव भयो ।यसमा मधेशका सबै मागहरु समेटीएको छ। यी दुइ सहमिको पुर्ण कार्यवन्यनले मात्रै  मधेश मुद्दा र आन्दोलन को सम्बोधन हुन सक्छ। मधेशले २०४६/२०४७ देखि नै आफ्ना मुद्दाहरु उठाउदै आएको छ । मधेशको यही आक्रोस २०६३ साल माघमा आन्दोलनको रुप लिन पुग्यो र मधेशमा प्रथम मधेश आन्दोलन सम्भव भयो । मधेशमा अहीले पनि राज्यले आफुहरुलाइ उपेक्षा गरि रहेकै छ , भन्ने मान्यता कायम छ ।मधेश अहिले पनि आन्दोलनमै छ , खाली सडक तताउने काम भएको छैन् ।

दोस्रो मधेश आन्दोलन सहमतिमा टुंगिए पछि मधेश केन्द्रीत दलहरुको सत्ता यात्रा प्रारम्भ भयो। सत्तामा जानै पर्ने मान्यता मधेश केन्द्रीत दलका नेताहरुमा रहदै आएको छ ।सत्ताको भोक अलि बढी नै मधेश केन्द्रीत दलका नेताहरुलाइ लाग्ने गरेको छ । मधेश आन्दोलन गर्न संयुक्त मधेशी मोर्चा गठन गरेका मधेश केन्द्रीत दलहरु पहिलो संबिधानसभाको चुनावमा छुट्टाछुट्टै सहभागी भयो । परिणामस्वरु जुन शक्तिको रुपमा मधेशको प्रतिनिधित्व संबिधानसभामा हुनु पर्ने हो त्यो भएन। यद्यपी मधेश केन्द्रीत दलहरु नया शक्तिको रुपमा संबिधानसभामा देखा परे । सत्तासमिकरण बनाउन मधेश केन्द्रीत दलहरु तीन ठुला दलको रोजाइमा पर्न थाल्यो र साझेदार पनि बन्नस थाले । सत्तामा पुग्न र पुर्याारउन दल विभाजन गरेर भएपनि पछि नपर्ने खेल मधेश केन्द्रीत दलहरुमा सुरु भयो । प्रत्येक सरकारमा मधेश केन्द्रीत दलको सहभगिता हुनु अनिवार्य जस्तै भैसकेको थियो ।पहिलो संबिधानसभाको अबधीमा बनेको सबै सरकारमा मधेश केन्द्रीत दल सहभागी हुदै गयो र मधेश केन्द्रीत दलको संख्या बढदै गयो । मधेशले आफ्नो शक्ति गुमाउदै गयो । सत्तामा जान सहमति कार्यवन्यन गर्न अर्को सहमति गर्ने र सत्तामा रहेसम्म मधेशको म पनि उच्चारण गर्न नरुचाउने प्रवृति मधेश केन्द्रीत दलका नेताहरुमा बिकास भयो । तिनै नेताहरु सत्ताबाट बाहिरिएकै दिनदेखि मधेशको समस्या बिकराल रहेको र आन्दोलनको विकल्प नरहेको लगायतका मधेश क्रान्तिको कुरा गर्न सुरु गर्थे ।

२०७० को संबिधानसभाको निर्वाचनमा मधेश केन्द्रीत दलहरुले नराम्रो क्षतिको सामना गर्न बाध्य भयो । मधेशमै स्तित्व जोगाउन मुश्किरल परेको अवस्था आयो । टुक्रा टुक्रा मा बिभाजित भएर निर्वाचनमा गएकोले दोस्रो संबिधानसभामा सानो शक्तिको रुपमा देखा परे। शक्तिमा नरहेकै कारण मधेश केन्द्रीत दलहरुको सत्तामा जानै पर्ने चाहना पुरा गर्न तीन ठुलादल मध्ये कुनै दल तयार भएन । तीन ठुलादलले मधेश केन्द्री दलहरुलाइ पेलेर भएपनि अगाडी बढने रणनिति लियो । मधेश केन्द्रीत दलहरुको असहमतिका बाबजुद संबिधान जारी भयो । संबिधान जारी हुँदा मधेशमा आन्दोलनमा बलिएको टयरको धुँवाले मधेशको अकास कालै भएको थियो । मधेश कालो दिवस मनाउन बाध्य थियो ।

मधेशको माग सम्बोधन गर्न सुशिल कोइरला नेतृत्वको सरकारले समावेशी समानुपातिक प्रावधान राखेर नयाँ संबिधान संशोधन गर्यो ।तर , संशोधन आफ्ना सहमतिमा नभएको कारण मधेश केन्द्रीत दलहरुले स्विकार गर्न तयार भएनन । पछि नाकाबन्दीको अवस्था सम्म आन्दोलन पुग्यो । सुशिल कोइराला पछि प्रधानमन्त्री बनेका ओली नेतृत्वको सरकारको अबधीमा मधेश केन्द्री तदलसँग कुनै सम्झदारी बनेन । ओली पछि प्रधानमन्त्री भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले पटक पटक संबिधान संशोधन गर्ने प्रयास गरे। तर, एमाले तयार नरहेको कारण प्रचण्डको प्रयास सफल भएन।

२०७४ को निर्वाचन सम्म आइपुग्दा मधेश केन्द्रीत दलको रुपमा राजपा र संघीय समाजवादी फोरम, नेपाल दुइ दल मात्र सकृय थियो । बिभाजित भएर निर्वाचनमा गएको कारण अघिल्लो निर्वाचनमा क्षति ब्यहोरेकोले गठबन्धन गरेर निर्वाचनमा जाने निर्णय लियो । केही हद सम्म आफ्नो गुमेको शक्ति फर्काउन सफल भयो । मधेशी जनताले मधेश केन्द्रीत दलहरु एक हुनु पार्ने सुरुदेखि नै चाहेको थियो ।

२०७६ साल वौशाख १० गते राजपा र संघीय सामाजवादी पार्टिबिच एकिकरण भइ जनता सामाजवादी पार्टि (जसपा) गठन भयो । अहिले जसपा सत्तासमिकरणको लागि निर्णायक शक्ति संचय गरेर बसेको छ ।फेरि मुलुकमा सत्ताको खेल शुरु भएसँगै जसपामा दुई धार देखिएको छ ।जसपाभित्र पुरानो राजपा र पुरानो समाजवादी फरक फरक धारमा उभिएको छ । जसपाभित्र ठुलै मतान्तर र मतभेद रहेको छ । जसपाभित्र एक मत हुन नसकेकै कारण जसपाले कुनै निर्णय लिन सकेको छैन । दुवै पक्ष कसरि आफु उभिएको धारमा पार्टिको निर्णय गराउने कसरतमा रहेको छ । साथै आफैले चाहेको निर्णय हुने दावि समेत गर्दै आएका छन् । पछिल्लो पटक जसपाभित्र देखिएको गतिविधि र नेताहरुको अभिब्यक्तिले जसपा फुटको बाटोमा अगाडी बढेको अभास हुन्छ । यस्तै अवस्था रहेमा जसपालाइ फुटनबाट जोगाउन मुश्किुल पर्न सक्छ, जसपाका नेताहरुलाइ । जसपा फुटयो भने सुरक्षित रहेको प्रदेश दुइको सरकार पनि संकटमा पर्छ । आफ्नै बहुमतको सरकार पाउदा समेत मधेश केन्द्रीत दलले केही गर्न सके जस्तो छैन । प्रदेशको नाम र राजधानी समेत तोक्न सकेको छैन ।

समयमै निर्णय लिन सक्ने क्षमता नेतृत्वमा हुनै पर्छ । नेतृत्वले समयमै बोल्ड निर्णय लिन नसकेमा पार्टिले क्षति ब्यहोर्नु पर्छ । त्यसको असर देश र जनतामा पनि पर्न सक्छ । स्मरण रहोस सात दलिय गठबन्धनको एक घटक नेपाल सदभावना पार्टि पनि थियो ।अन्तरिम संबिधानमै समानुपातिक निर्वाचन प्रणाली र संघीयता राख्नुर पर्ने माग नेपाल सदभावना पार्टिले राखेको थियो। सदभावनाका तर्फबाट प्रतिनिधि रहेका भरत विमल यादवले तीन बुँदे असहमति जनाएका थिए। सदभावनाले त्यतिबेला मधेश मुद्दा र आक्रोशको नेतृत्व लिन सकेन । अन्तरिम संबिधान जलाएर उपेन्द्र यादवले मधेशको मुद्दा र आक्रोशको नेतृत्व गर्यो् ।मधेश आन्दोलनले उपेन्द्रले नेतृत्व गरेको मधेशी जन अधिकार फोरमलाइ पार्टिको रुपमा स्थापित गर्योध । तर, मधेश मुद्दाको एकलो सबभन्दा पुरानो पहरेदार नेपाल सदभावना पार्टि टर्च बालेर खोज्दा पनि नभेटिने अवस्थामा पुग्यो ।अहिले ओलीले चाहेर पनि संबिधान संशोधन गर्न सक्दैन । ओलीले सरकारे पुरा गर्न सक्ने माग मात्र पुरा गर्न सक्छ । त्यो जुन सरकारले पनि गर्न सक्छ । संबिधान संशोधन गर्न एमाले माओवादी र काँग्रेस तीनै दल सहमत हुन जरुरी छ। तीनै दल सहमत हुने सम्भवना छैन् । पछिल्लो समय एमालेमा नेपाल-खनाल समुह फ्लोर क्रस गरेर समेत आफ्नै पार्टिको निर्णयको बिपक्षमा उभिन थालेको छ । केन्द्रमा यस्तो हुन सक्दैन भने केही ग्यारेण्टी छैन।समय छँदै जसपाले एकमतका साथ अगाडी आउनु पर्छ । नभए जसपाले क्षति ब्यहोर्नु नपर्ला भनेर भन्न। सकिदैन ।

lkskeshariaaryan@gmail.com

## मधेश अपडेट

### आवश्यक तयारी गर्न निर्देशन

जनकपुरधाम । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले पछिल्लो समयमा भयावह रुप लिँदै गएको कोरोना महामारी नियन्त्रणका लागि आवश्यक तयारी गर्न सरोकारबला निकायहरुलाई निर्देशन दिएका छन् । प्रादेशिक कोरोना संकट व्यवस्थापन समितिको बैठकमा मुख्यमन्त्री राउतले प्रदेशका सबै निकायहरुलाई आ-आफनो क्षेत्रको तयारीमा कुनै कमी नराख्न निर्देशन दिएका हुन् । बैठकले आठवटै जिल्लामा रहेको पिसिआर ल्याबका लागि आवश्यक सामग्री तथा थप जनशक्तिको विवरण तयार गर्ने जिम्मेवारी प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुखले गर्ने जिल्लाहरुमा आवश्यक जनशक्ति तथा सामग्रीहरुको विवरण आन्तरिक मन्त्रालयले जिल्ला कोरोना संकट व्यवस्थापन समितिहरुबाट संकलन गर्ने, प्रादेशिक अस्पतालस्थित नर्सिङ्ग कलेजलाई पुनः कोभिड अस्पतालमा रुपान्तरण गर्ने निर्णय गरेको छ । त्यसै गरि बैठकले कोरोना महामारी नियन्त्रणका लागि आवश्यक योजना तयार गर्न समाजिक विकास मन्त्रालयलाई निर्देशन समेत दिएको छ । बैठकले महामारी नियन्त्रणका लागि प्रमुख सचिवको नेतृत्वमा सबै मन्त्रालयका सचिव र सुरक्षा निकायहरुका प्रमुख रहने गरि संयोजन कमिटी र आपूर्ति महाशाखाका प्रमुख डा प्रमोद कुमार यादवको नेतृत्वमा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्टार डा. विनोद यादव, प्रादेशिक अस्पतालका मेसु डा. प्रमोद यादव र प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाका प्रमुख डा. श्रवण मिश्र सदस्य रहने प्राविधिक समिति समेत गठन गरेको छ ।

### रौतहटमा मास्क नलगाए जरिवाना

रौतहट । कोरोनाको दोस्रो लहरले रौतहटमा संक्रमितको संख्या बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालयले स्वास्थ्य सुरक्षा मापदण्डको पालनमा कडाइ गर्न थालेको छ । संक्रमण बढ्दै जाँदासमेत स्थानीयले सचेतना नअपनाएपछि जिल्ला प्रशासन कार्यालयले मास्क नलगाउनेलाई जरिवाना गराउने निर्णय गरेको छ । जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्रको बैठकले मास्क नलगाउनेलाई एक सय रुपैंया जरिवाना गर्ने, प्रत्येक पालिकाहरुमा क्वारेन्टिन स्थापना, गौर अस्पतालमा २५, धरहरीमा १ सय र चन्द्रनिगाहपुरमा ४० बेडको आइसोलेसन सेन्टर स्थापना गर्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । सीमा नाकाहरुमा समेत सुरक्षाकर्मीहरुले निगरानी बढाएको प्रमुख जिल्ला अधिकारी यादवले बताए । गौरमा घरमै रहेका संक्रमितहरु किनमेलका लागि बजार जाने तथा घरबाहिर निस्कने गुनासो बढेपछि त्यस्ता संक्रमितहरुलाई फोनमार्फत सचेत गराइएको गौर नगरपालिकाका मेयर अजय गुप्ताले बताए । संक्रमितहरु घरबाहिर देखिए उनीहरुलाई नगरपालिकाले सञ्चालन गरेको क्वारेन्टिनमा लगेर राखिने उनले बताए । गौरको बीपी चोकमा स्थानीयलाई मास्क वितरण गर्दै मास्क नलगाएमा जरिवाना हुने जानकारी प्रशासनले दिएको छ । संक्रमितको संख्या बढे पनि स्थानीयले मास्क लगाउन तथा आवश्यक सावधानी अपनाउन वेवास्ता गरिरहेका छन् ।

### लुम्बिनीका मन्त्री पाण्डेलाई कालो झण्डा

रुपन्देही । लुम्बिनी प्रदेश सरकारको भौतिक पूर्वाधार विकासमन्त्री सन्तोष पाण्डेलाई आफ्नै पार्टीका नेता-कार्यकर्ताले कालो झण्डा देखाएका छन् । सरकारविरुद्ध अविश्वास प्रस्तावमा हस्ताक्षर गरेको दुई घण्टामै पार्टीलाई झुक्याएर मन्त्री बनेको भन्दै मन्त्री पाण्डेलाई शुक्रबार आफ्नै पार्टीका नेता कार्यकर्ताले कालो झण्डा देखाएका हुन् । रुपन्देहीको मर्चवारमा आयोजित कार्यक्रममा जाने क्रममा मन्त्री पाण्डेलाई मर्यादपुर, मझगावा र गोनहिया लगायतका स्थानमा जनता समाजवादी पार्टी नेपालका नेता कार्यकर्ता कालो झण्डा देखाएका थिए । त्यस्तै सडकमा उनीविरुद्ध टायर बालेर तथा कालो झण्डा देखाएर विरोधसमेत जनाइएको थियो ।

### शैक्षिक संस्थाहरू अनिश्चितकालका लागि बन्द

रुपन्देही । रुपन्देही जिल्लाको तिलोत्तमा नगरपालिकाभित्रका शैक्षिक संस्थाहरु अनिश्चितकालसम्म बन्द भएको छ । कोभिड-१९ को संक्रमण बढ्दै गएपछि नगरपालिका स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको आइतबार बसेको बैठकले आइतबारदेखि नै लागू हुनेगरी विद्यालय, कलेज, होस्टेल, ट्युसन सेन्टर, तालिम केन्द्रहरु अर्को निर्णय नहुँदासम्मका लागि बन्द गर्ने र सबै प्रकारका परीक्षाहरु समेत स्थगित गर्ने निर्णय गरेको हो । बैठकले तिलोत्तमा-१, नयाँमिल स्थित प्यारामाउन्ट बोर्डिङ स्कुलको होस्टलमा बसेर अध्ययनरत छात्रा प्रतिमा सापकोटाको निधनबारे तीन दिनभित्र प्रतिवेदन पेस गर्नेगरी छानबिन गर्न एक समिति गठन गरेको छ । तिलोत्तमा नगरपालिका शिक्षा शाखा प्रमुख उपसचिव गंगाराम आचार्यको संयोजकत्वमा नगरपालिका शिक्षा समिति सदस्य टंकप्रसाद पौडेल, प्याब्सन तिलोत्तमा अध्यक्ष डीबी थापा, अभिभावक संघ तिलोत्तमाका अध्यक्ष नारायण ज्ञवाली र नगरपालिका कोरोना फोकल पर्सन केशव भट्टराई सदस्य रहेको छानबिन समिति गठन गरिएको नगरपालिकाका प्रवक्ता सुरेन्द्र श्रीले बताए । विवाह, ब्रतन्ध, अन्तिम संस्कार जस्ता अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु २५ जनाको उपस्थितिमा निर्धारित मापदण्डको पालन हुने गरी मात्र सञ्चालन गर्ने निर्णय गरेको छ ।

### १० बोतल वनरेक्ससहित दुई जना पक्राउ

वीरगन्ज । पर्सा जिल्लाको बिरगंज महानगरपालिका १६ स्थित सीमा ईलाकाबाट बैशाख १४ गते एपीएफ टोलीले १० बोतल वनरेक्स नामक लागूऔषधसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका ४ बस्ने ४० वर्षिय अशोक लामा र २६ वर्षिय ज्ञानेन्द्र देउला छन् । बा ८० प ५०५६ नम्बरको मोटरसाईकलमा सवार उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बिरगंजबाट खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो । त्यसवेला एपीएफ टोलीले उक्त मोटरसाईकल समेत बरामद गरेको छ । पक्राउ परेका दुवै जनालाई बरामद लागूऔषध तथा मोटरसाईकलसहित आवश्यक कारवहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा बुझाईको छ ।

### आगलागीबाट जलेर मृत्यु

महोत्तरी । पिपरा गाउँपालिका-५ चाँदनी चोक बस्ने श्रवण यादवको ७ महिनाको छोरा आकाश कुमार यादवको आगलागीबाट जलेर मंगलबार राति मृत्यु भएको छ । ओछ्यानमा सुतिरहेको अवस्थामा बलेको दियो लडेर ओछ्यानमा आगो सल्किदा उक्त आगोले जलेर गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### विराटनगरको विद्यालयहरूमा भर्चुअल माध्यमबाट मात्रै पठनपाठन हुने

विराटनगर । कोरोना संक्रमणको जोखिमबाट बालबालिकालाई जोगाउनका लागि विराटनगर महानगरपालिकाका शैक्षिक संस्थाहरु बन्द गर्ने निर्णय भएको छ । महानगरीय शिक्षा समितिको आइतबार बसेको बैठकले यहाँका शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको होरु। संक्रमणको जोखिम उच्च रहेकाले परीक्षा सञ्चालनमा समेत रोक लगाउने निर्णय गरिएको महानगरले जनाएको छ । भौतिक उपस्थितिमा विद्यालयमा परीक्षा सञ्चालन गर्दा बालबालिकामा संक्रमणको जोखिम उच्च भएकाले रोक लगाउने निर्णय गरिएको जनाइएको छ । कुनै पनि शैक्षिक संस्था भौतिक उपस्थितिमा सञ्चालन गर्न नपाउने निर्णय गरिएको हो ।

# कोरोनाविरुद्ध प्रदेश सरकारको काम कागजमै सीमित



ओमप्रकाश सर्राफ

वीरगन्ज पुनः कोरोनाको हटस्पट बन्दै गइरहेको छ। दैनिक यहाँ ७० देखि ८० जना औसतमा कोरोना संक्रमितहरु फेला परिरहेका छन् । डरलाग्दो कुरा के छ भने लगभग डेढ सयको हाराहारीमा कोरोना जाँच गर्दा लगभग सय जना जति संक्रमितहरु फेला परिरहेका छन् । यसको मतलब वीरगन्जमा कोरोना संक्रमणको दर लगभग ७० प्रतिशत रहेको छ । यसले प्रष्ट संकेत गर्दैछ कि वीरगन्जमा भयावह स्थितिको सिर्जना हुँदैछ । वीरगन्जस्थित नारायणी अस्पतालमा लक्षणसहितका विरामीहरु खचाखच भरेका छन् । एउटा बेडमा तीन-तीन जना विरामीलाई राखेर उपचार गर्नुपर्ने बाध्यात्मक अवस्था छ । होम आइसोलेसनमा पनि लगभग ६ सयदेखि ७ सय पोजिटिभ केशहरु छन् ।

कोरोनाको दोस्रो लहर जब सुरु हुन थाल्यो, छिमेकी मित्रराष्ट्र भारतमा पनि बढ्न थालेको समाचारहरु आउन थाल्यो त्यतिबेलासम्म पूर्वतयारी गर्ने हामीसँग प्रशस्त समय थियो । स्वास्थ्यको क्षेत्रमा हामी धेरै काम गर्न सक्थ्यौं । प्रत्येक जिल्लामा अस्थायी भएपनि कोभिडको अस्पताल स्थापना गर्न सक्थ्यौं । किनकि कोरोना भाइरसको दोस्रो लहर दुई-महिना पहिलादेखि विभिन्न देशहरुमा आएको हामीले सुनिरहेका थियौं । त्यसलाई दृष्टिगत गर्दै तयारी गरिनुपर्दथ्यो । तर त्यो तयारीहरु गरिएन, उल्टै सबै तह र तप्काबाट लापरबाही भएकै हो । पूर्वतयारी भएकोले दोस्रो लहरको कहर अहिले देखिँदैछ । यो दोस्रो लहरले अस्पतालका शैय्याहरु भर्दै गएका छन् । अस्पतालको संख्या बढाउनेतिर राज्यले ध्यान पुऱ्याउन सकेको छैन । जबकि केन्द्रीय सरकारले निर्णय गरिसकेको छ कि स्थानीय र प्रदेश सरकारले अस्पतालहरुसँग सम्झौता गरेर अथवा नयाँ कोभिड अस्पताल बनाएर सञ्चालन गर्न सक्छ । तर विडम्बना त्यस्तो गर्न सकिएको छैन जसले गर्दा हाम्रो अवस्था एकदम दयनीय छ ।

स्थानीय र प्रदेश सरकार केन्द्र सरकारसँग समन्वय गरेर समयमै पूर्वतयारी गरेको भए यस्तो भयावह अवस्था आउने थिएन । अहिले पनि चेत खुलेको छैन । प्रदेश २ को जुनसुकै जिल्लामा सिकिस्त विरामी भएपनि सिधै नारायणी अस्पताल पठाइरहेका छन् । नारायणी अस्पतालको पनि आफ्नो क्षमता छ । नारायणी अस्पतालमा क्षमताभन्दा बढी विरामी आउँदा एउटै बेडमा तीन-तीन जनाको उपचार गराउनुपर्ने बाध्यता छ । सबै जिल्लामा कोभिडको अस्थायी अस्पतालहरु अपग्रेड गर्ने सोच र दृष्टिकोण अहिलेसम्म पनि बन्न सकेको छैन । खासगरी प्रदेश २ को सरकार यसमा चुकेकै हो, एकदमै निरीह देखिएकै हो । कोरोनाको पहिलो लहरमा पनि त्यस्तै थियो र अहिले पनि कागजको भरमा निर्णयहरु गर्ने तर कार्यान्वयन गर्ने । आफै मन्त्रीहरुले ठूल-ठूला भेला, सभा सम्मेलन, शिलान्यास लगायतका कार्यक्रमहरु गरेर भीड बढाउने लगायतका गैरजिम्मेवार काम गरिरहेका छन् ।

यस्तो कोरोना महामारीको बेला पनि प्रदेश सरकारको कुनै उपस्थिति नै देखिएको छैन । प्रदेश सरकारले प्रत्येक स्थानीय तहमा आइसोलेसन बनाउने निर्णय गरेको थियो । तर एउटा पनि स्थानीय तहमा अहिलेसम्म त्यो काम सुरु पनि भएको छैन । प्रदेश सरकारले लोकप्रियताका लागि लोकप्रिय निर्णय गर्छ तर त्यो कहाँ हराउँछ थाहा हुँदैन । त्यसको कार्यान्वयन गर्ने युनिट के हो, जवाफदेही को हो, स्रोतसाधन के ? त्यसको कुनै अतापतो छैन ।

हाम्रो यस्तो देशका नागरिक छौं जहाँ तीन तहको सरकार हुँदा पनि अदूरदर्शी, गैरजिम्मेवार, अनुशासनहीन आफै छन् । केन्द्र सरकार आफ्नो आन्तरिक लडाइँमा केन्द्रित छ । जनताको मूलभूत आवश्यकताभन्दा पनि अन्य कामहरुमा बढी केन्द्रित छ । जनता आशामा बसेको थियो कि यस्तो कोरोनाको महामारीका बेला जनताको जीवनसँग प्रत्यक्ष सरोकार राख्ने कामहरु होस्, ठूलठूला अस्पतालहरुको उद्घाटन होस् । यो अहिले आवश्यकता हो । तर केन्द्र सरकार धरहराको उद्घाटन, चितवनको माडीमा सीताराम मुर्ति स्थापना लगायतका काममा व्यस्त छ । सरकार परिवर्तन गर्ने, राजनीतिक प्रतिशोध साँध्ने लगायतका कुराहरु पछि गरे पनि हुन्थ्यो । यस्तो महामारीको बेला गफाडी र गैरजिम्मेवार केन्द्र सरकार, एकदमै मुर्दा कुम्भकर्णको निद्रामा सुतेको प्रदेश सरकार र एकदमै निरीह स्थानीय सरकार रहेका छन् । यस्ता अभिभावकहरुका कारण जनता थप पीडामा छन् ।

वीरगन्जलगायत देशका विभिन्न भागमा दैनिक रुपमा कोरोनाबाट मृत्युहरु भइरहेका छन् । यसको जिम्मेवार को ? विरामीहरु बेड, अक्सिजन लगायत संविधानमा मौलिक हक भनेर लेखिएका कुराहरु नपाएर मान्छे मर्नु भनेको राज्यद्वारा गरिएको हत्या हो । यिनीहरुको विरुद्धमा नरसंहारको मुद्दा लगाउनुपर्ने अवस्था छ । यिनीहरुको गैरजिम्मेवारीपनले गर्दा मान्छे मरिरहेका छन् भने यस्ता सरकारहरुको कुनै काम छैन ।

प्रदेश सरकारले कोरोना महामारीसँग लड्न सर्वदलीय संयन्त्र बनाएको हामीले सुनेका थियौं । तर त्यो संयन्त्रले के गर्ने, त्यसको काम, कर्तव्य र अधिकार के हुने त्यसको कुनै मापदण्ड छैन । समाचार माध्यमहरुबाट सरकारका केही निर्णयहरु सुनिन्छ तर त्यो कार्यान्वयन कहाँ भइरहेको छ केही पनि देखिएको छैन । कागजमा मात्रै यिनीहरुको काम सीमित । यिनीहरुसँग न नीति छ, न भिजन छ, न नियत छ । यो सरकारको गैरजिम्मेवार रवैयाको मूल्य जसपा पार्टीले चुकाउनुपर्ने हुन्छ ।

प्रदेश सरकारसँग बजेट पनि छ, पैसा पनि छ र जनशक्ति पनि छ । तर त्यसलाई कसरी सदुपयोग गर्ने, कहाँ सदुपयोग गर्ने भन्ने स्पष्ट नीति छैन । वर्षेनी प्रदेश सरकारले काम गर्न नसकेर अर्बौ रुपैयाँ फ्रिज गराइरहेको हुन्छ तर त्यहीं पैसालाई रकमान्तर गरेर स्वास्थ्य सामग्री वा अस्पतालहरुको स्तरोन्नति गर्ने तिर ध्यान छैन । पछिल्लो वर्ष कोरोना आउँदा हामीले भनेका थियौं कि आगामी वर्ष स्वास्थ्य क्रान्तिको वर्ष भनेर घोषणा गरौं, सरकारको अधिकतम् बजेट स्वास्थ्य क्षेत्रमा लगाऔं । प्रदेशका आठै जिल्लालाई स्वास्थ्यमैत्री बनाऔं, ठाउँ-ठाउँमा अस्पतालहरु खोलौं । यी सबै कुराका लागि बारम्बार हामी घच्घचाएका छौं । तर यिनीहरु बिना कमिशनको काममा ध्यान दिँदैन । तर यिनीहरुले फोटकटिया र सस्तो लोकप्रियता जस्ता कामहरु गरिरहेका हुन्छन्, जुन जनताको जनजीविकासँग खासै सम्बन्ध राख्दैन ।

चालु आर्थिक वर्षमै प्रदेश सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि करिब दुई अर्ब रुपैयाँ बजेटमा छुट्याएको हामीले सुनेका थियौं । त्यस्तै मुख्यमन्त्री राहत कोष पनि खडा गरिएको थियो र त्यसमा विभिन्न संघसंस्थाहरुबाट सहयोग पनि प्राप्त भयो । तर ती रुपैयाँ आफ्ना कार्यकर्ता र आसेपासे पाल्नेमा मात्र लगाइएको हामीले हेरिरहेका छौं । यस्तो महामारीका बेला ती रकमहरु खर्च गर्नुको साटो त्यसको व्यापक दुरुपयोग भएको, अन्य शीर्षकमा खर्च भएका छन् । यतिसम्म सुनिन्छ कि राहत कोषको पैसालाई मनोरञ्जन सम्बन्धी शीर्षकमा खर्च गरिएको छ । यसमा पूर्णरुपमा मुख्यमन्त्रीको अधिकारको पनि कुरा हुन्छ । जुन उद्देश्यका लागि त्यो राहत कोष खडा गरिएको थियो, त्यसमा खर्च गरिएको हामीले हेरेका छैनौं । यसको हिसाव किताब मुख्यमन्त्रीले नै दिनुहुन्छ ।

कोरोना महामारी रोकथाम तथा नियन्त्रण शीर्षकमा प्रदेश सरकारसँग पर्याप्त पैसा त छँदैछ । यता केन्द्र सरकारले पनि थप सहयोग गर्ने भनेको छ । तर त्यो पनि गर्न सकेको छैन । कोरोना रोकथाम तथा नियन्त्रणका लागि कुनै पनि उल्लेखनीय काम प्रदेश सरकारको ब्यानरमा भएको छैन ।

अहिले जुन किसिमले कोरोना भाइरस फैलिरहेको छ, यसबारे बेलैमा सचेत नभए यसभन्दा पनि भयावह अवस्था आउन सक्छ । अहिले पनि सरकारहरुको चेत खुलेको छैन । यसमा जनता पनि कम दोषी छैनन् । महामारीका बेला जनता र सरकारबीच समन्वयकारी अवस्थाको सिर्जना हुनुपर्छ । दुवै मिलेर यस्तो महामारीसँग लड्दा विजयी हुन सक्छौं । सरकारलाई मात्रै दोष दिएर हुँदैन, जनताले पनि आफ्नो कर्तव्य निर्वाह गर्नुपर्छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
सम्पर्क नं. : ०१५२२३५०
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### वृक्षरोपणका लागि प्रदेश प्रमुखद्वारा नेपाली सेनालाई बेर्ना प्रदान

जनकपुरधाम । प्रदेश नं. २ का प्रदेश प्रमुख डा.राजेश अहिराजले वृक्षरोपणका लागि नेपाली सेनाका जवानहरुलाई बेर्ना प्रदान गरेका छन् । बुधबार जनकपुरधामस्थित प्रदेश प्रमुखको निजी सचिवालयमा डा.अहिराजले नेपाली सेनाका जवानहरुलाई बेर्ना प्रदान गरेका हुन् । प्रदेश प्रमुख डा.अहिराजले 'एक सेना एक रुख' अवधारणासहित सेनाका जवानहरुलाई बेर्ना प्रदान गरेको कार्यालय सचिव ध्रुव गैंडाले जनाएका छन् ।

### कैलालीमा एक साताका लागि निषेधाज्ञा

कैलाली । बढ्दो कोरोना भाइरस (कोभिड-१९)को दोस्रो लहरलाई नियन्त्रण गर्न कैलालीमा बिहीबारदेखि एक हप्ताका लागि निषेधाज्ञा जारी गरिएको छ । जिल्ला प्रशासन कार्यालय कैलालीले कोरोना संक्रमण तीव्र रुपमा बढेपछि बैशाख १६ गतेदेखि २२ गतेसम्म जिल्लाभर निषेधाज्ञा जारी गरेको हो । निषेधाज्ञा अवधिमा अत्यावश्यक सेवाबाहेकका सम्पूर्ण गतिविधि बन्द गरिएको जनाइएको छ ।

### रूपन्देहीमा दुई साता निषेधाज्ञा

रुपन्देही । रुपन्देहीमा दुई साताका लागि निषेधाज्ञा गर्न सिफारिश गरिएको छ । जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी)को बैठकले १६ गते बिहान १ बजेदेखि बैशाख २९ गतेसम्म निषेधाज्ञा सिफारिश गर्ने निर्णय गरेको हो । उद्योगी व्यवसायी, स्थानीय तह, राजनीतिक दलहरुसँग चरणबद्ध रुपमा छलफल गरेर निषेधाज्ञाको सिफारिश गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय रुपन्देहीले जनाएको छ । औपचारिक निर्णय बुधबार हुने जनाइएको छ । निषेधाज्ञा अवधिभर औषधि उपचार र अन्य अत्यावश्यक बाहेक सबै सेवा र व्यवसाय बन्द हुनेछन् । सोमबार बसेको मन्त्रिपरिषदको बैठकले पहाडमा २०० र तराईमा ५०० बढी सक्रिय संक्रमित रहेका जिल्लाहरुमा स्थानीय प्रशासनले निषेधाज्ञा जारी गर्न सक्ने निर्णय गरेको थियो ।

### पर्सामा एक साताका लागि निषेधाज्ञा

वीरगन्ज । प्रदेश २ को सबभन्दा बढी कोरोना प्रभावित पर्सा जिल्लामा एक साताका लागि निषेधाज्ञा जारी भएको छ । जिल्लामा बिहीबारदेखि लागू हुने गरी एकसाताका लागि निषेधाज्ञा जारी गरिएको हो । मंगलबार बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) को बैठकले बैशाख १६ गते बिहान ४ बजेदेखि वैशाख २२ गते राति १२ बजेसम्म लागू हुने गरी निषेधाज्ञा लगाउने निर्णय भएको जनाइएको छ । कोरोना संक्रमणको दर तीव्र गतिले बढेपछि यसको रोकथामका लागि निषेधाज्ञा जारी गर्ने निर्णय भएको हो । वीरगञ्जस्थित नेशनल मेडिकल कलेजलाई नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही कोरोना संक्रमितको उपचार गर्ने गराउन अनुरोध गर्ने निर्णय पनि भएको छ ।

### भरुवा बन्दुकसहित २ जना पक्राउ

मोरङ । केराबारी गाउँपालिका-३ मंसिरे बस्ने २६ वर्षीय रुबिन लिम्बु र ३५ वर्षीय गजेन्द्र बहादुर राईलाई १ थान भरुवा बन्दुकसहित प्रहरीले पक्राउ गरेको छ । केराबारी गाउँपालिका-३ मंसिरेस्थित जंगलमा उनीहरुसँगै गएका सोही ठाउँ बस्ने ३३ वर्षीय हस्त कुमार राई भरुवा बन्दुक पड्की मृत अवस्थामा फेला परेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय केराबारी र इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त बन्दुक सहित पक्राउ गरेको हो ।

### भरुवा बन्दुक बरामद

कैलाली । गौरीगंगा नगरपालिका-७ मनकापुरस्थित निराजन सामुदायिक वनबाट वेवारिसे अवस्थामा रहेको १ थान भरुवा बन्दुक शनिबार बिहान प्रहरीले बरामद गरेको छ । उक्त वन क्षेत्रमा लागेको आगलागी नियन्त्रण गर्ने क्रममा बन्दुक फेला परेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय मसुरियाबाट खटिएको प्रहरीले उक्त भरूवा बन्दुक बरामद गरेको हो ।

### टिपरको ठक्करबाट एकको मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका-१० खोर्साने केराबारीमा को.१ ख ६५४७ नम्बरको टिपरले स.३ प ६३०३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । शुक्रबार दिउँसो ठक्कर दिँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक बेलबारी नगरपालिका-९ डाँगिहाट बस्ने २६ वर्षीय सुरेश कुमार चौधरीको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका बेलबारी नगरपालिका-११ लक्ष्मीमार्ग बस्ने ३४ वर्षीय रुपेश अधिकारीलाई सुकुना सामुदायिक अस्पताल बिराट चोक हुँदै थप उपचारको लागि नोवेल अस्पताल बिराटनगर रिफर गरिएको छ । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर टिपरका सहचालकको मृत्यु

धनुषा । कमला नगरपालिका-८ सोनापाडास्थित सडकमा बिजुलीको तार उठाउने क्रममा करेन्ट लागेर प्र.२-०३-००१ ख २२६२ नम्बरको टिपरका सह-चालक २२ वर्षीय महमद ताहिर मंसुरको मृत्यु भएको छ । शुक्रबार दिउँसो टिपरमाथि बसेर घरमा लगेको बिजुलीको तार उठाउने क्रममा करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### बाँकेमा कोरोना अनियन्त्रित हुँदै

नेपालगन्ज । लुम्बिनी प्रदेशअन्तर्गत बाँके जिल्लाको नेपालगन्ज उपमहानगरपालिकामा कोरोना भाइरसको दोस्रो लहर नियन्त्रण बाहिर जान लागेको छ । पछिल्लो २४ घन्टामा बाँके जिल्लामा कोरोनाबाट मृत्यु हुने सबभन्दा बढी छन् । जसमा नेपालगन्ज उपमहानगरमा बढी रहेका छन् । बाँकेमा वैशाखयता मात्र कोरोना भाइरस (कोभिड-१९) को संक्रमणबाट दिनहुँ मृतकको संख्या बढ्दै गएको छ ।

### सर्लाहीका एक युवकको मृत्यु

जनकपुरधाम । कोरोना भाइरसको संक्रमणबाट सर्लाहीका एकजना संक्रमित युवकको मृत्यु भएको छ । रामनगर गाउँपालिका ५ बिर्ता बस्ने ३२ वर्षीय इन्द्रजीत रायको मृत्यु भएको प्रहरीले जनाएको छ । उपचारका लागि काठमाडौंतर्फ लग्ने क्रममा शनिबार उनको बाटोमै मृत्यु भएको परिवारजनलाई उद्धृत गर्दै सर्लाही प्रहरीका सूचना अधिकारी प्रहरी निरीक्षक कृष्ण गिरीले बताए । गत वैशाख १० गते बिरामी भएका उनलाई उपचारका लागि नारायणी उपक्षेत्रिय अस्पताल वीरगञ्ज लगिएको थियो । उपचारकै क्रममा कोरोना संक्रमण पुष्टि भएका उनको श्वासप्रश्वासमा समस्या थियो ।

### मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

कपिलवस्तु । महाराजगंज नगरपालिका-१ स्थित सडकमा लु.१ प ९८७१ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-२ गैडहवा बस्ने २२ वर्षीय रमेश पासवानको मृत्यु भएको छ । सोमबार राति दुर्घटनामा गम्भीर घाइते भएका रमेशको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते भएका मोटरसाइकल चालक कपिलवस्तु नगरपालिका-१ नयाँ हाटबजार बस्ने २१ वर्षीय रोहित कहारको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### ट्याक्टर चालकको मृत्यु

बाँके । राप्तिसोनारी गाउँपालिका-९ ढकेरी सिमलचोकस्थित सडकमा भे.१ त ७९९१ नम्बरको ट्याक्टर अनियन्त्रित भई बिहीबार दिउँसो दुर्घटना हुँदा ट्याक्टर चालक सोही ठाउँ बस्ने २७ वर्षीय दिपक पुनको घटनास्थलमै मृत्यु भएको छ ।

### करेन्ट लागेर मृत्यु

रौतहट । मौलापुर नगरपालिका-२ चिरचिरिया टोल बस्ने विश्व नाथ राउत कुर्मीको छोरा १० वर्षीय राजीब कुमार पटेलको करेन्ट लागेर बिहीबार साँझ मृत्यु भऐको छ । आफ्नै खेतमा जडान गरिएको पानी तान्ने मोटर चलाउने क्रममा करेन्ट लाग्दा उनको मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# प्रधानमन्त्री ओलीको दम्भ अहिले धरहराको भन्दामाथि भ्याङ उक्लेर चढेको छ : नेपाल



जनकपुरधाम । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओलीको दम्भ धरहराभन्दा माथि रहेको टिप्पणी गरेका छन् । केपी ओलीले हिजो आफूलाई धरहरा देखाएर आफ्नो दम्भ प्रस्तुत गरेको नेता नेपालले टिप्पणी गरे ।

शुक्रबार जनकपुरधामस्थित एमालेको पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मलेनमा नेता नेपालले प्रधानमन्त्री ओलीको दम्भ अहिले धरहराको भन्दामाथि भ्याङ उक्लेर चढेको बताए ।

उनले भने, 'हिजो उहाँले धरहरा भन्दै मलाई आफ्नो दम्भ देखाउनुभयो ।' नेता नेपालले ओलीको दम्भको कुनै अर्थ नरहेको बताए ।

'हामी आन्दोलन छोड्दैनौँ, पार्टी छोड्दैनौँ, संघीयता त्याग्दैनौँ, संविधानको मर्म र भावअनुसार अगाडि बढ्छौँ । कुनै व्यक्तिको मुख हेरेर होइन जनताको मुख हेरेर आन्दोलनमा लागेका छौँ', नेपालले भने ।

केपी ओलीको विचार गलत रहेको भन्दै उनले पार्टीको नाम र चुनाव चिन्ह मुख्य विषय नरहेको समेत बताए । 'केपी ओलीको विचार गलत छ, त्यसैले यहाँ नाम र चिन्ह के हो त्यो मुख्य कुरा होइन, विचार मुख्य कुरा हो', उनले अगाडि भने, 'विचारले नै सहि बाटो देखाउँछ । हामी सही विचारको पक्षमा उभिएका छौँ ।'

केपी ओलीसँगको भेटलाई नेता नेपालले बालुवा पेलेर तेल ननिस्कने अर्थ लगाए । उनले भने, 'अस्ति म होटेलमा गएको थिएँ, कुराकानी पनि भयो । मलाई केही आशा जागेको थियो, तर हिजो बुधबारको बैठकमा उहाँले झनै दम्भ देखाउनुभयो ।'

उनले भने, 'मैले भनेको थिएँ अब जेठ २ मा फर्कौं कमरेड, पार्टी एकताबद्ध मिलेर बनाउँ, क-कसलाई थप्नुपर्छ छलफल गरौँ । तर उहाँले होइन जुन निर्णय भइसकेको छ त्यसैलाई मान्नु पर्ने अडान लिनु भयो र उल्टै भन्नु भयो तपाईं किन आउनु भएन?'

उनले बुधबारको बैठकमा ओलीले आफू विरुद्धको ६ महिनाको कारवाही सम्बन्धमा विचार गर्न सकिने भनेको भन्दै भने, 'तपाईंले मलाई पार्टीबाट निकाल्ने? यो माधव नेपालले आन्दोलन र संगठन दुईटै सञ्चालन गर्दै आएको छ कसैले निकालेमा निस्कनेवाला छैन ।'

# कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल प्रहरीद्वारा देशभर सचेतना कार्यक्रम संचालन




काठमाडौं । कोभिड-१९ को दोस्रो लहरबाट सिर्जित हुन सक्ने समस्या र चुनौतीलाई दृष्टिगत गरी यसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल प्रहरीले देशभर विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ ।

माइकिङ र प्लेकार्ड सहित पछिल्लो २४ घण्टामा गरिएका ७ सय २ वटा सचेतनामूलक कार्यक्रमबाट जम्मा १ लाख ४७ हजार २ सय ९५ जना लाभान्वित भएका छन् ।

कोभिड-१९ को संक्रमण रोक्न नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा तोकिएको सुरक्षा मापदण्डलाई दुरुस्त रुपमा कार्यान्वयनका लागि नेपाल प्रहरीले 'तपाईंको मास्क खै ?' लगायतका विभिन्न सचेतनामूलक कार्यक्रमलाई अभियानकै रुपमा सञ्चालन गरेको हो ।

अभियानको क्रममा पछिल्लो २४ घण्टामा ११ हजार ७ सय २२ जनालाई प्रहरीले निःशुल्क मास्क वितरण गरेको छ । मास्क नलगाई हिँडडुल गर्ने २३ हजार ९ सय ४१ जनालाई होल्डिङ जोनमा राखी सम्झाई बुझाई पठाइएको छ । साथै तोकिएको मापदण्ड उल्लंघन गर्ने १ हजार ४ सय ६५ जनालाई संक्रामक रोग ऐन, २०२० बमोजिम जरिवाना गरिएको छ । साथै मास्क तथा स्यानिटाइजरको सहि प्रयोग र नियमित मास्क लगाउन प्रहरीले सबैमा अनुरोध समेत गरेको छ ।

नेपाल प्रहरीले विभिन्न स्थानहरूमा कोभिड-१९ को जोखिम न्यूनीकरणको लागि सचेतनामूलक सन्देश सहितको माइकिङ, सवारी साधनहरूको चेकजाँच, सचेतनामूलक प्लेकार्ड प्रदर्शन लगायतका कार्यक्रमहरू संचालन गरेको छ ।

कार्यक्रमलाई थप प्रभावकारी र सफल बनाउन नेपाल प्रहरीले अन्य सुरक्षा निकाय लगायतका सरोकारवालाहरुसँग आवश्यक समन्वय, सहकार्य गरी अनुगमनलाई समेत तिब्रता दिएको छ ।

# राजविराजका ११ वटा विद्यालयका प्रिन्सिपल पक्राउ

सप्तरी । विद्यालय बन्द गर्ने सरकारको आदेश उल्लंघन गरेको भन्दै राजविराजका ११ वटा विद्यालयका प्रिन्सिपललाई प्रहरीले नियन्त्रणमा लिएको छ । विद्यालय सञ्चालन गरेको भन्दै सप्तरी प्रशासनले सोमबार बिहान राजविराजका ११ वटा विद्यालयका प्रिन्सिपललाई नियन्त्रणमा लिएको छ ।

सरकारले गत सोमबार नै राजविराजका विद्यालय बन्द गर्ने आदेश गरेको थियो । त्यसविपरीत यहाँका केही विद्यालय खोलिएको थियो ।

राजविराज नगरपालिकाका मेयर शम्भु यादव, प्रमुख जिल्ला अधिकारी फणीन्द्रमणि पोखेलसहितको टोली राजविराजमा सञ्चालनमा रहेका निजी विद्यालय पुगेका थिए ।

सो क्रममा विद्यालय सञ्चालन गरेका ११ निजी विद्यालय का प्रिन्सिपललाई नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएकाहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको छ ।

# अमेरिकाले दियो भारतलाई कोरोनाको पहिलो खोप

भारतले संयुक्त राज्य अमेरिकाबाट ठूलो संख्यामा आपतकालीन कोभिड १९ राहत ढुवानी प्राप्त गरेको छ। अमेरिकी राष्ट्रपति जो बिडेनले महामारीको बिरूद्ध आफ्नो लडाईमा भारतलाई सहयोग गर्ने प्रतिबद्धता गरेको केही दिन पछि यो सहयोग आएको हो।

"संयुक्त राज्य अमेरिकाबाट धेरै आपतकालीन कोविड १९ राहत ढुवानी को पहिलो खेप भारत आइपुग्यो! ७० बर्ष भन्दा बढीको सौहार्दपूर्ण सम्बन्ध को आधारमा संयुक्त राज्य अमेरिका भारतको साथ खडा छ र हामी एकसाथ महामारी विरुद्ध लड्ने छौं। ३युसइन्डियादोस्ती"भारत स्थित अमेरिकी दुतावासले ट्वीट गर्दै भन्यो।

आपूर्ति प्राप्त गरिसकेपछि विदेश मन्त्रालयले अमेरिकालाई यस सहयोग का लागि धन्यवाद दिए।

"विश्वव्यापी महत्वको एक रणनीतिक साझेदारी! हाम्रो स्वास्थ्यसेवा साझेदारीले विश्वव्यापी महामारीको प्रभावी ढंगले समाधान गर्न मद्दत पुऱ्याउने छ। संयुक्त राज्य अमेरिकाबाट नियामक र अन्य चिकित्सा आपूर्ति सहित ४३३ अक्सिजन सिलिन्डरको उपहारलाई हामी सराहना गर्दछौं, एमईए प्रवक्ता अरिन्दम बागचीले ट्वीटमा भने। ह्वाइट हाउसले अमेरिकाले १०० मिलियन डलर भन्दा बढीको आपूर्ति भारतमा पठाउने र "भारतीय जनताको तत्काल स्वास्थ्य आवश्यकतालाई पूरा गर्ने' बताएको छ ।

बुधवार एक विज्ञप्तिमा अमेरिकी एजेन्सीका लागि अन्तर्राष्ट्रिय विकास (यूएसएआईडी) ले भन्यो, "संयुक्त राज्यले धेरै आपतकालिन कोभिड १९ राहत बोकेका जहाजहरू भारत पठाइएको थियो। विश्वको सबैभन्दा ठूलो सैन्य विमान ट्राभिस एयर फोर्स बेसबाट नयाँ दिल्ली आइपुगेको छ। ढुवानीमा ४४० अक्सिजन सिलिन्डर र नियामकहरू समावेश छन्।

"यस पहिलो खेपमा, युएसएआईडीले कोभिड १९ संक्रमणलाई समुदायमा फैलिन नदिन र शिघ्र अति शिघ्र संक्रमण पहिचान गर्न ९६०,००० रैपिड डायग्नोस्टिक टेस्ट पठाएको छ, र भारतका अग्रणी हेल्थकेयर नायकहरूलाई जोगाउन १,००,००० एन ९५ मास्क पठाइएको छ।" विज्ञप्तिमा भनिएको छ।

बिडेन प्रशासनले भारतलाई एस्ट्राजेनेका उत्पादन आपूर्तिको आफ्नै आदेश पनि पुनः निर्देशित गरेको छ। जसले भारतलाई कोविड १९ खोपको २ करोडभन्दा बढी खुराकहरू बनाउन अनुमति दिनेछ।

रोग नियन्त्रण तथा रोकथामका लागि अमेरिकी केन्द्रहरूले पनि स्थानीय रुपमा अक्सिजन सिलिन्डरहरू किनेका छन र तिनीहरूलाई भारतका अस्पताल प्रणालीलाई मद्दत गर्न पठाइने छ।

अमेरिकाले अस्पतालमा भर्ती कोविड १९ बिरामीहरूको उपचारका लागि एन्टि भाइरस औषधि रेमडेशिभिरको २०,००० उपचार कोर्सहरूको पहिलो खेप पनि प्रदान गर्दैछ।

विज्ञप्तिमा भनिएको छ, "जसरी भारतले महामारीको सुरुमै अमेरिकी अस्पतालहरू तनावग्रस्त हुँदा संयुक्त राज्यलाई सहयोग पुऱ्याएको थियो, त्यसरी नै संयुक्त राज्य अमेरिकाले अहिले आफ्नो आवश्यकताको समयमा भारतलाई सहयोग गरिरहेको छ।" यद्यपि बिडेनको सहयोग धेरै आलोचना पश्चात आए पनि यसले भारतलाई कोरोनाभाइरसको दोस्रो लहर सँग जुझ्न ठूलो राहत प्रदान गर्ने अपेक्षा गरिएको छ। भारतले २४ घण्टाको अवधिमा ३.८ लाख भन्दा बढी संक्रमित सँख्या रिपोर्ट गरेको छ। बिहीबार देश मा ३४९८ व्यक्तिको मृत्यु भएको बताइएको छ।

# कांग्रेस बर्दियाका कार्यवाहक सभापतिसहित ४४ जनाद्वारा सामूहिक राजीनामा

बर्दिया । गुण्डा लगाएर कार्यवाहक सभापतिसहितलाई हातपात गरेको भन्दै नेपाली कांग्रेस बर्दिया कार्यसमितिका ४४ जनाले सामूहिक राजीनामा दिएका छन् । बर्दिया क्षेत्र नम्बर १ का पार्टी क्षेत्रीय सभापति मुक्तिनाथ यादवले गुण्डा परिचालन गरी कार्यवहाक सभापति मिश्रीलाल यादव लगायतमाथि  हातपात गर्नुका साथै कार्यालय बन्द गरेको भन्दै उनीहरूले सामूहिक राजीनामा दिएको जनाएका छन् ।

कांग्रेसको १४ औं महाधिवेशन सम्पन्न गर्ने महत्त्वपूर्ण समयमा पार्टीका नेताहरूमाथि गुन्डा परिचालन गर्ने, हातपात तथा मान-सम्मानमा गम्भीर आँच आउने कार्य भएको हुँदा काम गर्न सक्ने अवस्था नरहेको सामूहिक राजीनामा पत्रमा जनाइएको छ । राजीनामा पत्रमा भनिएको छ, 'यो विषम परिस्थितिमा पार्टी कार्यालयमा तालाबन्धदी गरी बाहिर गुण्डाहरु परिचालन गरेकाले हामी पार्टीमा काम गर्न असमर्थ रहेका छौं, आ-आफ्नो पदबाट राजीनामा दिएका छौं ।'

शुक्रबार गुलरियामा अयोजित पत्रकार सम्मेलनमा कार्यबाहक सभापति मिश्रीलाल यादवले यस्तो कार्य निन्दनीय भएको बताए । पार्टीको महाधिवेशनलाई सम्पन्न गर्ने महत्वपूर्ण समयमा पार्टीको काम खटिरहेका आफूहरुमाथि बर्दिया क्षेत्र नं. १ का क्षेत्रीय सभापति मुक्तिनाथ यादव, पूर्व सचिव तेज बहादुर भाट लगायतका व्यक्तिहरूले हातपात गरेको तथा कार्यालयको सचिवालय कक्षमा गई नेताहरुलाई लछारपछार गरी तालाबन्दी गरेको पत्रमा जनाइएको छ ।

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

○ कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
○ अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
○ खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
○ कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
○ जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
○ सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
○ ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
○ कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारतद्वारा सुडानलाई आवश्यक र जीवनदायी औषधीहरु प्रदान

काठमाडौं । 'विश्वको फार्मेसी' को रूपमा परिचित र वर्तमान कोविड १९ महामारीको महत्वपूर्ण चरणमा आवश्यक औषधिहरूको आपूर्ति सुनिश्चित गर्न अग्रणी रहेको भारतले सोमबार सुडानमा ६ मेट्रिक टन अत्यावश्यक र जीवन बचाउने औषधीहरूको आपूर्ति गरेको छ ।
"सुडानलाई भारतले उपहारमा पठाएको ६ मेट्रिक टन आवश्यक र जीवन बचाउने औषधिको संग्रह संघीय स्वास्थ्य मन्त्रालय (एफएमओएच) ले हिजो प्राप्त गरेको छ । एफएमओएचले कठिन समयमा भारतको निरन्तर सहयोगको सराहना गरेको छ । " भारतीय दूतावास, खार्तोम, सुडानले मंगलबार उक्त सामग्री प्राप्त गरेकोमा ट्वीट मार्फत जानकारी दिए ।
भारत र सुडानको ऐतिहासिक सम्बन्धलाई ध्यानमा राख्दै र सुडानी सरकारको अनुरोधको आधारमा नयाँ दिल्लीले औषधी आपूर्ति गरेको हो । सुडानस्थित भारतीय दूतावासले एक विज्ञप्तिमा भनेको छ ।
निर्देशक, अन्तर्राष्ट्रिय सहयोग सुश्री इमान, निर्देशक विदेश अनुदान र चन्दा विभाग अमिन केक्कीद्वयले उपहार स्वीकार गर्दै सुडानी जनतालाई गरेको खाद्य सहायता, छात्रवृत्ति, क्षमता निर्माण, र प्रशिक्षण कार्यक्रम प्रदान गरी सहयोग गरेकोमा भारतको सराहना गरिन् ।
सुडानमा भारतीय दूतावासले आशा व्यक्त गऱ्यो कि भारतले दिएको उपहारलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार लाभदायक र उचित रूपमा प्रयोग गरिनेछ र बढ्दो कोविड संक्रमित को संख्यालाई ध्यानमा राख्दै भारतको विशाल आवश्यकताको बावजुद सुडानका मैत्री जनतालाई सहयोग पुर्याइएको छ । बयानमा उल्लेख गरिएको छ ।
कोविड १९ महामारीको सुरुवात भएदेखि भारतले औषधी आपूर्ति मात्र गरिरहेको छैन तर आफ्नो चिकित्सा र सार्वजनिक स्वास्थ्य विशेषज्ञता, अनुभव र क्षमता विकास मित्रवत र साझेदार देशहरूका लागि उपलब्ध गराउँदै आएको छ ।
औषधि, निदान र अहिले खोपहरूको विश्वव्यापी मागलाई सम्बोधन गर्न भारतले खेलेको भूमिका प्रधानमन्त्री नरेन्द्र मोदीको कोविड १९ लाई हराउन आवश्यक अन्तर्राष्ट्रिय प्रयासको दृष्टिकोण र भारतीय सिद्धान्त 'वसुदैव कुटुम्बकम' अर्थात सम्पुर्ण विश्व एक परिवार हो र 'सर्व बभान्तु सुखिनाह' जसको अर्थ सबै खुशी हुन सकोस् भन्ने हो को उत्कृष्ट प्रदर्शन हो ।
विज्ञप्तिमा भनिएको छ कि भारतले ९० भन्दा बढी देशहरूमा जीवन बचाउने र अत्यावश्यक औषधीहरू प्रदान गरेको छ र तीमध्ये धेरैलाई उपहार स्वरुप प्रदान गरिएको छ ।
भारत र भारतीय सदा सुडानको सरकार र जनताको साथ दृढता का साथ खडा छन् र सुडानी मित्रलाई अनुभव, विशेषज्ञता र सम्भव भएसम्मका स्रोत मार्फत सहयोग गर्न जारी राखिनेछ। विज्ञप्तिमा भनिएको छ ।

# भारत र माल्दिभ्सले "द्विपक्षीय खेलकुद सहयोगमा नयाँ सुरुवात"

काठमाडौं । भारत र माल्दिभ्सको द्विपक्षीय खेलकुद सहयोगमा यो सप्ताह नियमित क्रियाकलापको साथ "अद्भुत सप्ताह" थियो। माल्दिभ्समा भारतीय दूतावासले खेलकुद र युवा मामिलाको क्षेत्रमा यस सहयोगलाई विस्तार गर्ने प्रतिबद्धता दोहोऱ्याएको छ।
माल्दिभ्सका युवा, खेलकुद, र समुदाय सशक्तीकरण मन्त्री अहमद महलूफले अप्रिल २० मा दिल्ली फुटबल संघका अध्यक्ष शाजी प्रभाकरणसँग भेट गरे र भारतले माल्दिभ्समा विशेष गरी महिलाका लागि फुटबलको क्षेत्रमा कसरी सहयोग पुऱ्याउन सकिन्छ भन्ने बारे छलफल गरे।
बैठक पछि महलोफले ट्वीट गर्दै भने, "आज दिउँसो दिल्ली फुटबल संघको अध्यक्ष २ शाजी४ फुटबा'लसँग भेटेर खुसी लागेको छ। मालदीभ्सको झण्डामा फुटबलको विकासलाई कसरी सहयोग पुऱ्याउन सकिन्छ भनेर छलफल गरियो, विशेष गरी महिलाको लागि। "ब्याक टु द रुटमा" लाई पढ्ने प्रतिक्षा मा। २एचसीआइमालदिभ्स"। यो ट्वीट पछि माल्दिभ्समा भारतीय उच्चायुक्तले साझा गरे।
अप्रिल १९ मा, महलूफले राष्ट्रमंडल टेबल टेनिस महासंघका अध्यक्ष विवेक कोहली, हरियाणाका उपमुख्यमंत्री दुष्यंत चौतेला र मालदीभ्सका टीटी अधिकारीहरूसँग भेट गरे र टेबल टेनिसको क्षेत्रमा भारतको समर्थनबारे छलफल गरे। उक्त बैठकमा भारतका केन्द्रीय खेल मन्त्री किरेन रिजिजु पनि उपस्थित थिए।
बैठक पछि महलोफले ट्वीटमा भने, "माल्दिभ्सको झण्डामा टीटीको विकासको बारेमा २ट्विटवीट एच.ई. २ डिचौटाला र राष्ट्रमण्डल टीटी महासंघका अध्यक्ष श्री विवेक कोहलीसँग अद्भुत छलफल भयो। एच.ई. दुष्यंतले हाम्रा प्रयासहरूको लागि भारतको पूर्ण समर्थनको आश्वासन दिए। २टीटी) मालदिभ्स २किरेनरिजिजु २एचसीआइमालदिभ्स।" सोही दिन, माल्दिभ्सका पर्यटन मन्त्री अब्दुल्ला मउसुमले पनि तिनै अधिकारीहरूसँग बैठक गरे र खेलकुद पर्यटनका बारेमा छलफल गरे।
माल्दिभ्सका भारतीय उच्चायुक्तले ट्वीटमा दुबै पक्षले खेलकुद सहयोगमा नयाँ अध्यायको शुरुवात भएको जानकारी दिए। मार्च १६ मा केन्द्रीय मन्त्रिपरिषद्ले भारत र माल्दिभ्स खेल मन्त्रालयहरू बीच समझौता ज्ञापनपत्र बारे अवगत गरायो। खेलकुद र युवा मामिलाको क्षेत्रमा भारत र माल्दिभ्सबीचको द्विपक्षीय विनिमय कार्यक्रमले खेल चिकित्सा, खेलकुद विज्ञान, युवा उत्सव तथा शिविरहरूमा सहभागिता, कोचिंग प्रविधिको क्षेत्रमा विशेषज्ञता र ज्ञान विस्तार गर्न मद्दत पुऱ्याउँनेछ जसले अन्तर्राष्ट्रिय प्रतियोगितामा भारतीय खेलाडीहरूको प्रदर्शनमा सुधारोन्मुख परिणाम दिनेछ।
यसले भारत र माल्दिभ्स बीचको द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ बनाउनेछ।

# खाडी देशहरूले कोरोनाभाइरसको बिरूद्धको लडाईमा भारतलाई सहयोग दिने

भारतमा कोविड १९ महामारीको विनाशकारी दोस्रो लहरको बीचमा भारतलाई सहयोग गर्न अग्रसर भएका खाडी मुलुक का सूचीमा कतार को पनि नाम जोडिएको छ। कतारले पनि कोविड १९ महामारीको बिरूद्ध लडाईमा भारतलाई सहयोग गर्न एकता र समर्थन जाहेर गरेको छ। साउदी अरेबिया, कुवेत र युएईले आफ्नो समर्थनलाई पहिले नै विस्तार गरिसकेका छन्।
मंगलबार प्रधानमन्त्री नरेन्द्र मोदीले कतारका एमीर तमीम बिन हमद अल थानीसँग टेलिफोन वार्ता गरे। उनले घातक कोरोनाभाइरस विरुद्धको भारतको लडाईमा सहयोग प्रस्ताव गरेकोमा उनलाई धन्यवाद दिए।
प्रधानमन्त्री मोदीले ट्वीटमा उनले हमद अल थानीसँग 'राम्रो कुराकानी' गरेको र कतारमा भारतीय समुदायलाई प्रदान गरिएको हेरचाहको लागि " कृतज्ञता" व्यक्त गरेको जानकारी दिए।
"आज कतारका हाइनेस २ तामिबिनहमदसँग राम्रो कुराकानी भएको थियो। कोविड १९ को बिरूद्ध भारतको लडाईमा एकता र सहयोगको प्रस्तावका लागि म उहाँको उच्चतालाई धन्यवाद दिन्छु। साथै भारतीय समुदायलाई प्रदान गरिएको हेरचाहप्रति पनि हामी आभार प्रकट गर्दछु।"उनले ट्वीट गरे।
टेलिफोनिक वार्तालापमा उनीहरूले दुई देशका नवीनतम कोरोनाभाइरस (कोविड -१९) महामारीको स्थिति का बारेमा छलफल गरे र भाइरसलाई हराउन संयुक्त सहयोग बढाउने उपायहरू र यसको बिरूद्ध सुरक्षा अभिवृद्धि गर्नका लागि छलफल गरे।
त्यस सम्बन्धमा अमीरले कतारको भारतीय जनताप्रति भाइरसको नयाँ लहरको सामना गर्न गरिएको प्रयासमा ऐक्यबद्धता व्यक्त गरे। पीडितहरूप्रति संवेदना व्यक्त गर्दै र संक्रमितलाई छिटो पुनः स्वास्थ्य लाभको पनि कामना गरे।
छलफलमा कतार र भारतबीचको द्विपक्षीय सहयोगको समीक्षा गर्न, उनीहरूको विकास गर्ने र विस्तार गर्ने तरिकाहरूका साथै संयुक्त चासोका क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूको समीक्षामा पनि ध्यान केन्द्रित गरिएको थियो।
कतारले प्रस्ताव गरेको ऐक्यबद्धता र समर्थन भारतमा कोविड १९ संक्रमण मा भएको अप्रत्याशित वृद्धिलाई ध्यानमा राख्दै भारतलाई सहयोग पुऱ्याउन आउने धेरै देशहरूको सहयोगको निरन्तरता हो।
अर्को सहयोगी कुवैतले स्वास्थ्य सहयोगलाई निरन्तरता दिन र वर्तमान चुनौतिहरूको सामना गर्न व्यावहारिक कदम चालेर सहयोग गर्न तत्परता देखायो। विदेश मन्त्री एस जयशंकरले मंगलबार कुवेतको विदेश मन्त्री शेख अहमद नासेर अल-मोहम्मद अल सबाहको फोनमा कुराकानी गरे।
"कुवेत एफएम २ अनमास ७१ को कलको सराहना गर्दछु। हाम्रो निरन्तर स्वास्थ्य सहयोग अनुरूप, वर्तमान चुनौतिहरूको सामना गर्न व्यावहारिक कदमहरूको बारेमा छलफल गरियो। भावना र एकतालाई कदर गर्नुहोस्, उनले ट्वीट गरे।
यसभन्दा पहिले साउदी अरेबियामा भारतीय दूतावासले ८० मेट्रिक टन तरल अक्सिजन भारत पठाउन अदानी समूह र मेसर्स लिन्डेसँग साझेदारी गरेको थियो। आईएसओ क्रायोजेनिक ट्यांकर का साथै अदानी समूहले लिन्डे साउदी अरेबियाबाट ५००० मेडिकल-ग्रेड अक्सिजन सिलिन्डर पनि पठाएका थिए। भारतीय दूतावासले साउदी अरेबियालाई सहयोगका लागि धन्यवाद दियो।
"भारतीय दूतावासले अदानी समूह र मेसर्स लिन्डेको साथ भारतलाई ८० एमटी तरल अक्सिजन ढुवानी गर्न साझेदार गर्न पाएकोमा गर्व छ। उनीहरूको सबै सहयोगका लागि साउदी अरेबियाको स्वास्थ्य राज्यको मन्त्रालयलाई हार्दिक धन्यवाद छ, 'रियादमा भारतीय दूतावासले ट्वीट गर्यो।
साउदी अरेबियासँगको सहकार्यलाई निरन्तरता दिदै, भारतीय वायुसेना सी -१७ भारी लिफ्ट यातायात विमानले दुबईबाट ६ वटा खाली क्रायोजेनिक अक्सिजन सिलिन्डर दुबईबाट भारत ल्याएको थियो।
यसभन्दा अघि आइतबार विदेश मन्त्री एस जयशंकरले युएईका समकक्ष शेख अब्दुल्ला बिन जायद अल नाह्यानसँग टेलिफोन वार्ता गरेका थिए जहाँ युएईले भारतसँगको एकजुटता व्यक्त गरेका थिए। जायदसँगको भेटको बारेमा कुरा गर्दै जयशंकरले ट्वीटमा भनेका थिए, 'हिजो यूएईका एफएम एच एच शेख २ एबी जायदसँग कुराकानी भयो जसमा उनले भारतको साथ एकता जाहेर गरे। म यसको सराहना गर्दछु। सधैं जस्तो, म अन्तर्राष्ट्रिय सहयोगको गहिरो मूल्यांकन गर्दछु।'

# अखिल (क्रान्तिकारी) को प्रवक्ताको जिम्मेवारी मैनालीलाई

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) को भातृसंगठन अखिल (क्रान्तिकारी) को प्रवक्ताको जिम्मेवारी उपमहासचिव जीपी मैनालीलाई दिने निर्णय भएको छ ।
अखिल (क्रान्तिकारी) को गत १४ चैत्रमा सम्पन्न केन्द्रिय समितिको विस्तारित बैठकले अगामी सम्मेलन सहित संगठन सुदृढीकरण सम्बन्धि बिभिन्न तयारीहरु गरेको छ । यसै क्रममा संगठनको कार्यालय बैठकले मैनालीलाई प्रवक्ताको जिम्मेवारी दिएको हो ।
हाल रन्जित तामङ नेतृत्वमा रहेको विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) को किर्तीपुरमा २०७४ भदौमा सम्पन्न सम्मेलनबाट उप-महासचिव निर्वाचित मैनाली सिभिल इन्जिनियर हुन ।
२०६५ को स्ववियू निवार्चनमा काठमाडौं इन्जिनियरिङ कलेजबाट स्ववियू सभापतिमा निर्वाचित मैनाली यसअघि केन्द्रिय सचिवालय, केन्द्रिय सचिव र उपमहासचिव निर्वाचित भइसकेका छन ।
पत्रकारिता र सिभील इन्जिनियरिङमा स्नातकोतर मैनाली पुर्वान्चल इन्जिनियरिङ क्याम्पस धरानबाट २०५८ मा अखिल राजनितीमा प्रवेश गरेका हुन । अखिलको सो बैठकले संगठन बिस्तार सहित अन्य सदस्यहरुको जिम्मेवारी बाँडफाँड समेत गरेको छ ।

स्वास्थ्य नै ठूलो धन हो ।
कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं;
सङ्क्रमितहरुको उच्च मनोबल राख्र हौसला प्रदान गरौं ।

- कोभिड -१९ सङ्क्रमित बिरामीहरुलाई अपहेलना नगरौं ।
- बिरामीहरुको दैनिकीमा ध्यान दिऔं, उनीहरुसँग बोलेर, लेखेर वा हाउभाउको माध्यमबाट स्नेह गरौं ।
- कोभिड-१९ सङ्क्रमितहरुको उपचारमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीहरुको उच्च मनोबल कायम राख्र हौसला प्रदान गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रश्नपत्र बाहिर ल्याउने १० जना पक्राउ

मोरङ । पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ मोरङमा हुन लागेको ईन्जिनियरिङ संकायतर्फको बीई दोस्रो सेमेस्टरको फिजिक्स विषयको मूल प्रश्नपत्र परीक्षा पूर्व नै बाहिर ल्याएको अभियोगमा १० जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा मोरङ विराटनगर महानगरपालिका-८ बस्ने ४४ वर्षीय कोमल प्रसाद गौतम, संखुवासभा मादी नगरपालिका-६ बस्ने ३५ वर्षीय गोपाल कार्की, रूपन्देही तिलोचन नगरपालिका-१२ बस्ने ३० वर्षीय विजय पोखरेल, गोरखा भिमसेन थापा गाउँपालिका-१ बस्ने ३२ वर्षीय मिन प्रसाद भट्ट, गोरखा गण्डागी गाउँपालिका-३ बस्ने ३१ वर्षीय भरत पठन, गोरखाकै गोरखा नगरपालिका-४ बस्ने २६ वर्षीय विकास खड्का, सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-४ बस्ने २८ वर्षीय निर्मल खड्का, महोत्तरी रामगोपालपुर नगरपालिका-९ बस्ने २९ वर्षीय नानिपथ मण्डल, सप्तरी वोदेवरसाईन नगरपालिका-७ बस्ने २९ वर्षीय जीवन कुमार यादव र सप्तरी अग्नीसायर कृष्णसवरण गाउँपालिका-५ घर भई भक्तपुर लोकन्थली बस्ने २६ वर्षीय महेश यादव रहेका छन् । परीक्षा पूर्व नै प्रश्नपत्र वाहिरिएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले अनुसन्धान गर्नेक्रममा उक्त विश्वविद्यालयका फोटोकपी गर्ने कर्मचारीले सामाजिक संजाल प्रयोग गरी प्रश्नपत्र बाहिर ल्याएको भन्ने खुल्न आएपछि उक्त कार्यमा संलग्न उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

## जिल्ला समाचार

# सर्वदलीय संयन्त्र गठन

जनकपुरधाम । कोरोना महामारी नियन्त्रणका लागि सरकारले चालेको कदमहरुलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले सर्वदलीय संयन्त्र गठन गरेको छ । मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले शनिबार विहान आफ्नै निवास परिसरमा सर्वदलीय बैठक आयोजना गरी सरकारले हालसम्म चालेको कदमहरुबारे जानकारी गराउँदै थप सहयोग र सहकार्यका लागि सर्वदलीय संयन्त्र गठन गरेका छन् । सामाजिक विकासमन्त्री नवल किशोर साहको अध्यक्षतामा गठित उक्त सर्वदलीय संयन्त्रमा नेकपा एमाले संसदीय दलका नेता शत्रुधन महतो, नेपाली कांग्रेस संसदीय दलका नेता राम सरोज यादव, नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता भरत साह र जसपाका सचेतक परमेश्वर साह, प्रदेश सभा सदस्य राम अशिष यादव रहेका छन् । त्यसैगरी बैठकले २५ जना भन्दा बढी सहभागी हुने, साँस्कृतिक, धार्मिक, राजनीतिक गतिविधिहरुलाई स्थानीय प्रशासनको सहयोगमा कडाईका लागि रोक्ने निर्णय समेत गरेको छ ।

# शुद्धोधन गाउँपालिकामा रक्तदान

कपिलवस्तु । शुद्धोधन गाउँपालिकाको आयोजनामा लवनी स्वास्थ्य चौकीमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । रक्तदान कार्यक्रममा कर्मचारी जनप्रतिनीधि र शिक्षक गरी ४५ जनाले रक्तदान गरेका छन् । कोरोनाको कहरमा विरामीलाई रगत आवश्यक पर्न सक्ने भन्दै रगत संकलन गरिएको गाउँपालिकाका अध्यक्ष निसार अहमद खांले बताए । रगतको अभावमा कसैको मृत्यु नहोस भन्नको लागि सेवामूलक कार्यक्रम स्वरुपमा रत्तदान कार्यक्रम संचालन गरिएको समेत अध्यक्ष खांले बताए । रक्तदान समारोहमा उपाध्यक्ष सुधादेवी पाण्डेय, प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवाली, वडा नं २ का अध्यक्ष मनोज कुमार यादव, स्वास्थ्य शाखा प्रमुख अस्फाक अहमद खां लगायतको सहभागिता रहेको थियो । धेरै जसो रगत दिनेमा कर्मचारी रहेको प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ज्ञवालीले बताए । नेपाल रेडक्रस सोसाइटी कपिलवस्तुले प्राविधिक सेवा उपलब्ध गराई रगत संकलनमा सहयोग गरेको थियो । संकलित रगत नेपाल रेडक्रस सोसाइटी कपिलवस्तुको ब्लड बैंकमा जम्मा गरि आवश्यक परेका विरामीलाई वितरण गरिने रेडक्रस सोसाइटीका मन्त्री सन्तोष कुमार श्रीवास्तले बताए ।

# आईपीएलको सट्टेबाजी तथा जुवा खेलाउने पक्राउ

रौतहट । अनलाईन मार्फत आर्थिक कारोबार गरी आईपीएल सट्टेबाजी तथा जुवा खेलाउने गरेको अभियोगमा गौर नगरपालिका-१ बस्ने २६ वर्षीय सुधिर कुमार जैसवाललाई सट्टाबाजी गर्न प्रयोग गरेको मोबाईल सहित बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उनको यूनिभर्सल मोबाइल एसेसोरिज पसलमा म्ष्कयलम भ्त्ज अनलाइन मार्फत आइपीएलको सट्टेबाजी गर्ने र जुवा खेलाउने मास्टर एजेन्टको रुपमा कारोबार गर्दै आईरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । उनले अनलाईन मार्फत ४८ जनाको समूह बनाई सट्टबाजी गरी १७ लाख ३९ हजार ६ सय ४० रुपैयाँ बराबरको सट्टाबाजी जुवा खेलाएको अनुसन्धानबाट खुल्न आएको छ । उनी उपर जुवा खेल्न वा सट्टेबाजी गर्ने नहुने अन्तर्गतको कसूरमा ७ दिन म्याद थप अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

# मोरङमा दुर्घटनामा दुईको मृत्यु

मोरङ । बेलबारी नगरपालिका-८ चिस्याङ खोलास्थित सडकमा हाल नम्बर नखुलेको मोटरसाइकलको ठक्करबाट सोही नगरपालिका-९ बस्ने ८३ वर्षीया मनमाया तामाङको बिहीबार साँझ मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी उनको कोशी अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । ठक्कर दिने मोटरसाइकलको प्रहरीले खोजी गरिरहेको छ । यसैगरी मोरङ, लेटाङ नगरपालिका-८ स्थित सडकमा को.१ ख १९२४ नम्बरको बसबाट झर्ने क्रममा सोही बसले किच्दा बसमा सवार मिक्लाजुङ गाउँपालिका-५ जोगीटार बस्ने ५१ वर्षीय सहबिर मगरको बिहीबार दिउँसो मृत्यु भएको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# यौन दुर्व्यवहार गरेको अभियोगमा पक्राउ

कपिलवस्तु । ६ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा शुद्धोधन गाउँपालिका-२ नन्दनगर बस्ने १५ वर्षीय किशोरलाई बुधबार साँझ प्रहरीले पक्राउ गरेको छ । किशोरले ती बालिकालाई यौन दुर्व्यवहार गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बगदीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# पिकअपको ठक्करबाट एकको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-२६ अठराहास्थित सडकमा बा.४ च २१२० नम्बरको पिकअपको ठक्करबाट पैदलयात्री सोही महानगरपालिका सुगौली बिर्ता बस्ने ४० वर्षीय मक्सुद आलमको बुधबार राति मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारको लागि वीरगंज हेल्थ केयरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाको सम्बन्धमा सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# करेन्ट लागेर मृत्यु

रुपन्देही । सैनामैना नगरपालिका-१ बस्ने ४३ वर्षीय मनिराम पोखेलको करेन्ट लागेर बुधबार दिउँसो मृत्यु भएको छ । सोही ठाउँस्थित कुलाईन मन्दिरमा विद्युत वाईरिङ गर्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# छोरीलाई जबरजस्ती गर्ने बुवा पक्राउ

कपिलवस्तु । आफ्नै १५ वर्षीया छोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा बुद्धभूमि नगरपालिका-३ घनचौरा बस्ने ४० वर्षीय पुरुषलाई मंगलबार राति प्रहरीले पक्राउ गरेको छ । पुरुषले ती बालिकालाई दुई पटक जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय गोरुसिंगेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# ट्र्याक्टरको ठक्करबाट एक बालकको मृत्यु

रुपन्देही । जिल्लाको सियारी गाउँपालिका-३ जगहथास्थित सडकमा ट्र्याक्टरको ठक्करबाट एक बालकको मृत्यु भएको छ । बुधबार बिहान लु.२ त ६४०१ नम्बरको ट्र्याक्टरको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने बिक्रम गुप्ताको १२ वर्षीय छोरा रबिन्द्र गुप्ताको घटनास्थलमै मृत्यु भएको छ । फरार ट्र्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको जनाएको छ ।

# जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कैलाली । ३६ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा लम्कीचुहा नगरपालिका-१ झुङ्गा टोल बस्ने ४६ वर्षीय राम बहादुर चौधरीलाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । चौधरीले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# ट्र्याक्टरमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

बाँके । खजुरा गाउँपालिका-३ सिर्जना टोलस्थित सडकमा भे.१ त ८४२१ नम्बरको ट्र्याक्टरमा लु.७० प १४२५ नम्बरको मोटरसाइकल ठोक्किएर शनिबार दिउँसो दुर्घटना हुँदा मोटरसाइकलमा सवार दाङ, तुल्सिपुर उपमहानगरपालिका-८ बस्ने ४६ वर्षीया सारदा सापकोटाको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक २४ वर्षीय दिपक सापकोटाको शुशिल कोईराला क्यानसर अस्पतालमा उपचार भइरहेको छ । ट्र्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# भारत सरकारको सहयोगमा निर्मित तीन क्याम्पस भवनको उद्घाटन



काठमाडौं । भारत सरकारको सहयोगमा पाल्पा जिल्लामा नवनिर्मित तीन वटा क्याम्पस भवनको निर्माण सम्पन्न भएको छ ।

भारत सरकारको नेरु. ९ करोड ८३ लाख आर्थिक सहयोगमा श्री रम्भा उच्च माध्यमिक विद्यालय, श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय र श्री नव आदर्श बहुमुखी क्याम्पसका नवनिर्मित भवनहरुको उद्घाटन भएको हो ।

भारतीय दूतावासको विकास साझेदारी तथा पुनर्निर्माण प्रभागका प्रथम सचिव करुण वंशल, पाल्पाका जिल्ला समन्वय समिति, विद्यालय व्यवस्थापन समिति र स्थानीय प्रतिनिधिहरुले भर्चुअल माध्यमद्वारा ती भवनहरुको उद्घाटन गरे ।

पाल्पाको ताहुँ गाउँ विकास समितिमा सन् १९५२ मा माध्यमिक विद्यालयको रुपमा स्थापना भएको श्री रम्भादेवी उच्च माध्यमिक विद्यालय सन् २००२ मा उच्च माध्यमिक तहमा स्तरोन्नत भएको हो । 'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत भारत सरकारको नेरु. ३ करोड २१ लाख अनुदानमा निर्मित यस तीन तल्ले विद्यालय भवनमा १७ वटा कक्षाकोठासहितका उक्त क्याम्समा रहेको छ ।

यस्तै, तानसेन-५, बन्दीपोखरामा सन् १९६३ मा प्राथमिक विद्यालयको रुपमा स्थापना भएको श्री लक्ष्मी उच्च माध्यमिक विद्यालय सन् २००८ मा उच्च माध्यमिक विद्यालयमा स्तरोन्नत भएको हो । उक्त क्याम्पस भवन पनि 'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत भारत सरकारको नेरु. ४ करोड १३ लाख अनुदानमा निर्मित भएको हो ।

यसैगरी, त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त श्री नव आर्दश बहुमुखी क्याम्पस पाल्पा जिल्लाको देउरालीमा सन् २००६ मा स्थापना भएको हो । क्याम्पसले कृषिको प्राविधिक कोर्ष र व्यवस्थापन तथा शिक्षा विषयमा डिप्लोमा तहका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । भारत सरकारको नेरु. २ करोड ४८ लाख अनुदानमा 'नेपाल-भारत विकास सहकार्य' कार्यक्रम अन्तर्गत यस भवनको उद्घाटन भएको हो ।

भारतले नेपालमा ४४८ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरु सम्पन्न गरिसकेको छ जसमध्ये पाल्पा जिल्लाका ७ वटा सहित प्रदेश ५ मा ४१ वटा परियोजनाहरु रहेका छन् । पाल्पा जिल्लाको एउटा परियोजना सहित प्रदेश ५ मा भारत सरकारको आर्थिक सहयोगमा सञ्चालित नौवटा परियोजनाहरु निर्माण र कार्यान्वयनका विभिन्न चरणहरुमा रहेका छन् । यी बाहेक पाल्पा जिल्लाका विभिन्न स्वास्थ्य चौकी, गैरसरकारी संस्था तथा शैक्षिक संस्थालाई भारतीय दूतावासले १२ वटा एम्बुलेन्स र २ वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ ।

# चीनसँगको विवादित टापुको रक्षाका लागि जापानलाई सहयोग गर्ने अमेरिकाको प्रतिबद्धता

टोकियो । चीनले जापानको टापुमा दाबी गरेपछि दुई मुलुकबिचको सम्बन्धमा समस्या पैदा भएको छ । यसअघि डोनाल्ड ट्रम्प राष्ट्रपति हुँदा रक्षा मन्त्री मार्क इस्परले जापानलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । हाल बाइडेन प्रशासनका अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले पनि जापानी समकक्षीसँगको पहिलो फोनवार्तामा चीनले दाबी गरेको जापानी टापुको रक्षाका लागि आफ्नो सहयोग रहने प्रतिबद्धतालाई दोहोऱ्याएका हुन् ।

जापानका रक्षामन्त्री नोबुओ किशीसँग कुराकानी गर्दै अस्टिनले संयुक्त राज्य अमेरिका र जापानबिचको सुरक्षा सन्धिको धारा ५ ले जापानप्रति अमेरिकी रक्षा दायित्व निर्धारण गरेको बताएका छन् ।

यी टापुलाई जापानमा सेन्काकू टापु र चीनमा दियाओयु भनेर चिनिन्छ । अस्टिनले संयुक्त राज्य अमेरिका पूर्वी चीन सागरमा यथास्थिति परिवर्तन गर्ने कुनै एकपक्षीय प्रयासको विरोध गर्नसमेत बताएका छन् । जापान पूर्वी चिनियाँ समुद्री किनारमा टापुहरूका वरिपरिको पानीमा आक्रमणसहित चिनियाँ गतिविधिहरू बढेकोप्रति चिन्ता व्यक्त गरेका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले पदभार ग्रहण गरेपछि पहिलो पटक टोकियो र वासिङ्टनबिच मन्त्री स्तरीय छलफल भएको थियो । रिटायर आर्मी जनरल अस्टिन अमेरिकाको पहिलो अश्वेत रक्षा मन्त्री बनेका हुन् ।

## उपेन्द्र...

विपरीत एकलौटी रुपमा अघि बढेका अध्यक्षद्वय उपेन्द्र यादव र बाबुराम भट्टराईलाई झड्का लागेको छ ।

प्रथम अध्यक्ष महन्थ ठाकुर पक्षलाई जानकारी नै नदिई पूर्वसमाजवादी खेमामै केन्द्रीय कार्यकारिणी बैठक राखेर लुम्बिनीमा सांसदलाई कारवाही गर्ने निर्णय गर्दा उपेन्द्र र बाबुरामविरुद्ध मुद्दा परेको हो ।

लुम्बिनी प्रदेशसभाले पदमुक्त गरेका जसपाका ४ जना प्रदेशसभा सदस्य कानुनी उपचारका लागि सर्वोच्च अदालत जाने भएका छन् । पार्टीको कुनै आधिकारिक निर्णयबिना आफूहरूलाई प्रदेश सभा सचिवालयले पदमुक्त गरेको भन्दै त्यसविरूद्ध चारै जना आजै सर्वोच्च अदालतमा जाने भएका हुन् ।

प्रदेश सभा सचिवालयले हिजो सूचना जारी गरी जसपा केन्द्रीय कार्यकारिणी समितिले राजनीतिक दलसम्बन्धी ऐन २०७३ को दफा ३२ को उपदफा (५) बमोजिम प्रदेशसभा सदस्य र पार्टी सदस्यबाट निष्काशन गरी पदमुक्त गरेको थियो ।

गत वैशाख ६ गते लुम्बिनीका मुख्यमन्त्री शंकर पोखरेलविरूद्ध अविश्ववास प्रस्ताव दर्ता भएलगत्तै जनता समाजवादी पार्टीका सन्तोष पाण्डेय, विजयकुमार यादव, सुमन शर्मा रायमाझी र कल्पना पाण्डेलाई मन्त्री बनाईएको थियो ।

मुख्यमन्त्री पोखरेलविरूद्धको अविश्वास प्रस्तावमा उनीहरूले समेत हस्ताक्षर गरेका थिए । तर त्यसको एक घन्टापछि चारै जना सरकारमा सहभागी भएपछी कारबाही गरिएको हो ।

# भारतीय राजदूतावासलाई अशोक लेलैण्डको एडभान्स लाइफ सपोर्ट एम्बुलेन्स हस्तान्तरण




काठमाडौं । आइएमई ग्रुपअन्तर्गत संचालित आइएमई मोटर्स प्रा. लिद्वारा प्रवर्द्धित अशोक लेलैण्डले एक कार्यक्रमबीच भारतीय राजदूतावासलाई दुई थान सुविधा सम्पन्न एडभान्स लाइफ सपोर्ट एम्बुलेन्सहरु हस्तान्तरण गरेको छ ।

राजदूतावासका अनुसार नेपाल-भारत मैत्री विकास साझेदारी कार्यक्रमअर्न्तगत एम्बुलेन्स उपहार स्वरूप हस्तान्तरण गरिएको छ । दूतावासले स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा काम गरिरहेका नेपालका विभिन्न सरकारी तथा गैरनाफामूलक संघ-संस्थाहरुलाई एम्बुलेन्स साथै स्कुल बसहरु उपहारस्वरुप प्रदान गरेको हो ।

स्वास्थ्य सेवा, विशेषगरी आपतकालिन स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउन नेपाल सरकारको प्रयासमा भारत सरकारले निरन्तर सहयोग गर्दै आएकोमा थप एम्बुलेन्सहरु उपहार स्वरूप प्रदान गरेको हो । राजदूतावासले बताएअनुसार सो एम्बुलेन्सहरु सहिद गंगालाल हृदयरोग केन्द्र बासवारी र धुलीखेल अस्पताललाई पुन: दिएको बताएको छ ।

आइएमई मोटर्सले एम्बुलेन्स सहितविषेश सुविधायुक्त दमकल, मोर्टर्युरी भ्यान, ट्रक टिपर, स्कुल बस सहित साना तथा ठुला कम्रसियल गाडीहरु बिक्रि वितरण गर्दै आएको छ । साथै आर्मी पुलिसका लागि प्रयोग हुने विशेष गाडीहरु पनि उपलब्ध गराउदै आएको छ ।

# अमेरिकाको तिब्बत कानुनले चीनलाई प्रत्यक्ष चुनौती

आमस्टरर्डम । संयुक्त राज्य अमेरिकाले हालसालै अपनाएको तिब्बती नीति तथा समर्थन ऐन (टीपीएसए) तिब्बतको बारेमा अमेरिकी नीतिमा ठुलो अपग्रेड गरेको छ । यससँगै तिब्बतीहरूमाथि निरन्तर दमन गरिरहेको चीनलाई प्रत्यक्ष चुनौती दिएको छ । एक टिप्पणीमा दक्षिण एसियाली अध्ययनका लागि युरोपियन फाउन्डेसन (ईएफएसएएस) ले टीपीएसएले चीनसँगको कटु सम्बन्धका कारण कलहलाई प्राथमिकता दिएको बताएको छ । भारतले चिनियाँ कम्युनिस्टसँगको आफ्नो भावी सम्झौतामा परीक्षण र विस्तार गर्न टेम्पलेट र विकल्पहरू दिन सक्नेसमेत युरोपियन थिंक ट्याङ्कहरूले बताएका छन् । ईयू थिंक ट्याङ्कका प्रतिनिधिहरू जेम्स म्याकगोभर र क्रिस स्मिथ, सिनेटर मार्को रुबियो र बेन कार्डिनद्वारा युएस हाउसमा द्विपक्षीय समर्थनका साथ पेस गरिएको टीपीएसए २००२ को तिब्बती नीति ऐनलाई थप बलियो बनाउने प्रयास भएको बताइएको छ । तिब्बती उद्देश्यको खोजी गर्ने सबैभन्दा सक्रिय संस्थामध्येको एउटा तिब्बतका लागि अन्तर्राष्ट्रिय अभियानले द्विपक्षीय टीपीएसएले मध्य एसियामा ऐतिहासिक रूपमा स्वतन्त्र भएको तिब्बतको बारेमा अमेरिकी नीतिमा नयाँ युग सुरु गर्ने विश्वास लिएका छन् । सबभन्दा कम स्वतन्त्र स्थानहरूमध्ये एक तिब्बतमा चिनियाँ सरकारको दमनकारी शासन व्यवस्थाका कारण लामो समयदेखि विभिन्न समस्याको सामना गर्दै आएको थियो ।

# पाकिस्तानमा फासीवाद बढेको पाकिस्तानी पूर्व कूटनीतिज्ञको भनाई

इस्लामाबाद । बेलायतका लागि पूर्व पाकिस्तानी राजदूत वाजिद शमशुल हसनले पाकिस्तानमा फाँसीवाद बढेको बताएका छन् । इमरान खानको नेतृत्वमा रहेको सरकारको आलोचना गर्दै हसनले डेली टाइम्समा प्रकाशित आफ्नो लेखमा भनेका छन्, 'पाकिस्तानमा आउँदै गरेको पतनले सरकारप्रति असन्तुष्टि बढाउँदै लगेको छ । सरकारले भने आफ्नो फाँसीवादी गठबन्धनलाई बढाउँदै लगेको देखिएको छ ।' यसले केवल मिडियामा मात्र नभई विपक्षी राजनीतिज्ञ, नागरिक समाज, बुद्धिजीवीहरूलाई तथा महिला र अल्पसंख्यकविरुद्ध हिंसात्मक गतिविधि बढाउने काम गरिरहेको उनले भनेका छन् । विशेष गरी शान्तिप्रेमी सिया हजार समुदायमाथिको पाकिस्तानी आक्रमणले यसको उजागर गरेको उनले बताएका छन् । ह्युमन राइट वाचको सन् २०२१ को रिपोर्ट अनुसार अल्पसङ्ख्यकहरूको व्यवहारमा हिंसामा लगातार वृद्धि भएको, महिला, बालबालिकाको दुर्व्यवहार र पाकिस्तानी समाजका कम सुविधा प्राप्त सदस्यहरूमाथि थप उत्पीडन भइरहेको उनले जनाएका छन् ।

# आर्थिक समाचार

## आइएमई पेबाट एनआईसी एशिया क्यापिटलको कारोबार भुक्तानी गर्न सकिने

काठमाडौं । डीम्याट खाता र मेरो शेयरसँग सम्बन्धित कारोबारलाई अझ सहज र आम जनमानसको पहुँचसम्म पुऱ्याउनका लागि एनआईसी एशिया क्यापिटल र आइएमई पेबीच सम्झौता भएको छ । सम्झौताअनुसार डीम्याट खाता र मेरो शेयरको नवीकरण गर्न एनआईसी एशिया क्यापिटलको सेवाका लागि आइएमई पे एप र आइएमई पेको देशभरि छरिएर रहेका ३५ हजारभन्दा बढी एजेन्ट मार्फत सजिलैसँग भुक्तानी गर्न सक्ने छन् । उक्त कार्यक्रममा बोल्दै एनआईसी एशिया क्यापिटलका प्रमुख कार्यकारी अधिकृत रामेन्द्र रायमाझीले आइएमई पे, एनआईसी एशिया क्यापिटलको भुक्तानी साझेदार भए पश्चात सेवाग्राहीहरूलाई डीम्याट खाता र मेरो शेयरसँग सम्बन्धित कारोबार गर्न सहज हुनुका साथै संस्थाको आक्रामक बजार विस्तारमा पनि सहयोग पुग्नेमा विश्वस्त भएको विचार ब्यक्त गरेका छन् । त्यस्तै, आईएमई पेका बजार प्रमुख गुण श्रेष्ठले नेपाल सरकारको डिजिटल अभियान अनुरुप डिजिटल अभियानलाई अगाडि बढाउन प्रतिवद्ध रहेको र यो सम्झौता पश्चात सेवाग्राहीहरुलाई डीम्याट खाता र मेरो शेयर नवीकरणसँग सम्वन्धित कारोबारहरू थप सहज र सरल तरिकाले गर्न सक्ने विचार व्यक्त गरेका छन् । आइएमई ग्रुपद्वारा संचालित आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित 'आइएमई पे' ले नयाँ एप प्रयोगकर्ताहरूलाई लक्षित गरी गृहप्रवेश अफर अन्तर्गत रू. १ सयमा रू. १ सय नै बोनस उपलब्ध गराउने योजना सार्वजनिक गरेको छ ।

## ग्लोबल आईएमईको खुद मुनाफा ३ अर्ब ५८ करोड

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण प्रकाशित गरेको छ । बैंकले चालु आर्थिक वर्षको चैत्र मसान्तसम्ममा ३ अर्ब ५७ करोड ८२ लाख रुपैयाँ खुद मुनाफा कमाएको छ । यो गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८७ करोड ५६ लाख रुपैयाँ अर्थात ३२.४० प्रतिशत बढी हो । खुद मुनाफा बढेसँगै बैंकको प्रति शेयर आम्दानीमा राम्रो सुधार भएको छ । गत आर्थिक वर्षको चैत्र मसान्तसम्ममा १८ रुपैयाँ ९९ पैसा रहेको बैंकको प्रतिशेयर आम्दानी, चालु आर्थिक वर्षको सोही अवधिसम्ममा बढेर २२ रुपैयाँ ५ पैसा कायम भएको छ ।यस अवधिसम्ममा बैंकको वितरण योग्य मुनाफा २ अर्ब ५६ करोड ४५ लाख रुपैयाँ रहेको छ । बैंकले आफ्नो व्यवसायमा गरेको बृद्धि, सञ्चालन खर्चहरुमा अपनाएको मितव्ययिता, डिजिटाइजेशनमा गरेको लगानी, वित्तीय साधन स्रोतको प्रभावकारी उपयोग तथा कर्जा असुलीमा प्राथमिकता जस्ता नीतिहरुको सफल कार्यान्वयनबाट उल्लेखित वित्तीय प्रगति गर्न सफल भएको छ । विगत ९ महिनामा बैंकको निक्षेप २ खर्ब २६ अर्ब ६४ करोड रुपैयाँबाट बढेर २ खर्ब ५८ अर्ब ३३ करोड रुपैयाँ पुगेको छ । त्यसैगरी, बैंकको खुद कर्जा लगानी १ खर्ब ९८ अर्ब रुपैयाँबाट बढेर २ खर्ब ३३ अर्ब ११ करोड रुपैयाँ पुगेको छ । गत आर्थिक वर्षको आषाढ मसान्तमा १.७६ प्रतिशत रहेको निष्कृय कर्जा चैत्र मसान्तसम्म क्रमिक सुधार भइ १.६१ प्रतिशत रहेको छ । बैंकको आधार दर ९.४१ प्रतिशतबाट ६.४० प्रतिशतमा र स्प्रेड दर ५.१८ प्रतिशतबाट ४.१७ प्रतिशतमा झरेको छ । बैंकको आधार दरमा आएको उल्लेख्य गिरावटबाट बैंकका ग्राहकहरुसमेत प्रत्यक्षरुपमा लाभान्वित भएका छन् । साथै बैंकले नेपाल राष्ट्र बैंकबाट प्राप्त गरेको पुर्नकर्जाले आफ्ना ग्राहकहरुको व्यापार व्यवसायमा थप सघाउ पुऱ्याउन सकेकोले बैंकको व्यवसायिक कदमहरु ग्राहकहरुको हितका लागि छ भन्नेमा बैंक विश्वस्त छ ।

# चीन विरोधी मनोभावना वृद्धि

तेहरान । इरानमा चिनियाँ कम्पनीहरुले क्रिप्टोकरेन्सी बिटकोइन उत्पादन सञ्चालन गरिरहेका कारण विद्युतीय सेवा अवरुद्ध हुने गरेको छ । चिनियाँहरुले इरानमा बिटकोइन कम्पनीहरु चलाईरहेका कारण स्थानीय क्षेत्रमा ठूलो मात्रामा विद्युतीय सेवा अवरुद्ध भएको हो । यहि कारण इरानमा चिनियाँ बिरोधी मनोभावना पैदा भएको बताईएको छ । बिटकोइन कम्पनीहरु सञ्चालनमा ठूलो मात्रामा विद्युत खपत हुने गरेका कारण इरानमा दर्जनौं शहरहरुमा गत जनवरीदेखि विद्युत सेवा अवरुद्ध भएको इरानी उर्जामन्त्री रेजा अर्देकानिएनले बताएका छन् । इरानमा सञ्चालित क्रिप्टोकरेन्सी बिटकोइन उत्पादनहरु चिनियाँ कम्पनीहरुको रहेका फ्रान्सको टेलिभिजन फ्रान्स-२४ ले जनाएको छ । यद्यपि, इरानमा चिनियाँ कम्पनीहरुले बिटकोइन उत्पादन गोप्य राख्ने प्रयास गर्दै आएका छन् । चिनियाँ बिटकोइन कम्पनी आर्एच्वाईले इरानमा आफ्नो गतिबिधि गोप्य राख्ने मनसायले इरानलाई मध्यपूर्व भनेर उल्लेख गर्ने गरेको छ । बिटकोइन उत्पादनका लागि चिनियाँ कम्पनीहरुले इरानलाई महत्वपूर्ण क्षेत्र मान्दै आएका छन् । बिटकोइन उत्पादनका लागि चिनियाँ कम्पनीहरुले इरानमा लगानी बिस्तार गरिरहे पनि ठूलो मात्रामा विद्युत खपत हुने र चिनियाँ बिरोधी मनोभावना वृद्धिको समस्या भोगिरहेको छ ।

# संक्रमणबाट जोगिन योगको सहारा

महोत्तरी । कोभिडको संक्रमणबाट जोगिन जलेश्वरका बासिन्दा योगतर्फ आकर्षित हुन थालेका छन् । घरमै तथा खुल्ला ठाउँमा साना-साना समूह बनाएर योगाभ्यास गर्न थालिएको छ । यसैमध्ये जलेश्वर साहुजीटोलस्थित जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले एउटा समूहलाई नयाँ वर्षको दिनदेखि योगाभ्यास गराउन थालेका छ । स्थानीय अशोक साहले पहिलादेखि घरमै योगाभ्यस गरिरहेकोमा दुईहप्तादेखि आयुर्वेद कार्यालयमा विहान ५ देखि ७ बजेसम्म अभ्यास गर्ने गरेको बताए ।

विधिसम्मत योगाभ्यासकै कारण उनको रक्तचापमा सुधार आएको बताए । स्थानीय अशोक साहसँगै योगाभ्यासमा राजनीतिकर्मी, स्वास्थ्यकर्मी, संचारकर्मी, व्यवसायी, स्थानीयवासिन्दासहित बढीमा २० जनाको नियमित सहभागिता रह्ने गर्दछ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्दका प्रमुख डा.नन्दकिशोर प्रसाद कुशवाहाले स्वास्थ जीवन कार्यकम अन्गर्तत नयाँबर्षदेखि नियमित रुपमा विहान विहान योगाभ्यास भइरहेको बताए ।

योगाभ्यसमा सहभागी हुनेलाई एउटा शिलाजित क्याप्सुल तथा जडीबुटीमिश्रित चियाको ब्यबस्था गरिएको उनले जानकारी दिए ।





**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं